# बार्षिक

# प्रतिबेदन

## २०८२/०८३

### सम्पादकिय समिति


डा. प्रियन्का दाहाल

डा. लक्ष्मी पराजुली

श्री सुमित्रा सापकोटा

श्री पूजा रेग्मी

श्री दिपेश श्रेष्ठ

श्री अर्जुन प्रसाद धमला

श्री रेवती भुसाल

प्रकाशक : जिल्ला अस्पताल, संखुवासभा

फोन नं. : ०२९५६२१८७, ५६२१८८

Email : sankhuwasabha.hosp@gmail.com

Website: sankhuwasabhahospital.gov.np

मुद्रण : अरुण प्रेस, खाँदबारी (०२९५९०९००)

# अस्पताल व्यवस्थापन समिति



सुमन शाक्य
अध्यक्ष
जिल्ला समन्वय समिति, प्रमुख



महेश थपलिया
सदस्य
खाँदबारी नगरपालिका, नगर प्रमुख



सुमन कुमार कार्की
सदस्य
सहायक प्रमुख जिल्ला अधिकारी

कुमार प्रसाद मैनाली
सदस्य
जिल्ला प्रहरी प्रमुख



महेश भट्ट
सदस्य
जिल्ला स्वास्थ्य कार्यालय, प्रमुख



सरोज बज्राचार्य
सदस्य
जिल्ला रेडक्रस सोसाइटी, सभापती



डेगराज बस्नेत
सदस्य
उद्योग वाणिज्य संघ, अध्यक्ष



दुर्गा बहादुर विष्ट
मनोनित सदस्य



सिता शाक्य
मनोनित सदस्य



सृजना शंकर
मनोनित सदस्य



विक्रम रत्न शाक्य
मनोनित सदस्य

कृष्ण प्रसाद तामाङ
मनोनित सदस्य



सन्तोष देव
मेडिकल सुपरिटेण्डेन्ट
सदस्य सचिव
जिल्ला अस्पताल सङ्खुवासभा

# सम्पादकीय समिति



डा. प्रियन्का दाहाल
अध्यक्ष



डा. लक्ष्मी पराजुली
सदस्य



सुमित्रा सापकोटा
सदस्य



पूजा रेग्मी
सदस्य



दिपेश श्रेष्ठ
सदस्य



अर्जुन प्रसाद धमला
सदस्य



रेवती भुसाल
सदस्य

# सम्पादकीय

हामीले अर्को एक वर्ष अर्थात् आ ब २०८२ र ८३ को समर्पित सेवा र अटल प्रतिबद्धतालाई प्रतिबिम्वित गर्दै जिल्ला अस्पताल, संखुवासभाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दैछौं । यस प्रतिवेदनले हाम्रा उपलब्धिहरू, चुनौतीहरू र संखुवासभा जिल्लाका बासिन्दाहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने हाम्रो मिशनको अथक प्रयासलाई उद्रित गर्दै वर्षभरिको हाम्रो यात्रालाई समेटेको छ।

वि।स। २०३३ सालमा स्थापित हाम्रो यस जिल्ला अस्पतालले हरेक वर्ष करिब ७५,००० बिरामीलाई विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ जसमा सामान्य शल्यक्रिया, जटिल शल्यक्रिया अर्थोपेडिक्स, स्त्री रोग तथा प्रसुति सेवा, रेडियोलोजी सेवा, एनेस्थेसिया, बाल रोग, दन्त रोग, आँखा, Hemodialysis र फिजियोथेरापी जस्ता क्षेत्रहरू रहेका छन ।

हाम्रा सेवाहरूमा बाहिरङ्ग सेवाहरु, अन्तरंग सेवाहरु, आपतकालीन सेवाहरू, सर्जिकल सेवा, क्ष्ऋग्, ज्म्ग्, मातृत्व र बाल स्वास्थ्य (MCH) सेवाहरू, रेडियोलोजी, दन्त उपचार, फिजियोथेरापी, र पूर्ण रूपमा सुसज्जित फार्मेसी समावेश छन्। यसले हामीलाई व्यापक दृष्टिकोणले हाम्रा बिरामीहरूको विविध स्वास्थ्य सेवा आवश्यकताहरूलाई सम्बोधन गर्न र समग्र कल्याणलाई प्रवर्धन गर्न अनुमति दिन्छ ।

यस वर्षको वार्षिक प्रतिवेदनमा, हामीले प्रत्येक विभागको लागि ग्राफिकल तथ्याङ्कहरु समावेश गरेका छौं जसले हाम्रो कार्यसम्पादन, सेवाको उपयोग र बिरामीको नतिजाको स्पष्ट चित्रण गर्दछ। यी तथ्यांकहरुले हाम्रा स्वास्थ्यकर्मीहरूको समर्पण, हाम्रो स्वास्थ्य सेवा वितरणको दक्षता र हामीले सेवा गर्ने मानिसहरूको स्वास्थ्य र जीवनमा पार्ने प्रभावलाई समेट्छ ।

हाम्रो यात्रा चुनौतीरहित छैन भन्ने कुरामा हामी पूर्ण रूपमा सचेत छौं। भौगोलिक अवस्थिति, स्रोत अवरोधहरू र बाह्य कारकहरूले निरन्तर अवरोधहरू प्रस्तुत गर्दै आइरहेका छन। तैपनि, हामी हाम्रो सेवालाई अनुकूलन, नवीनता र विस्तार गर्न प्रतिबद्ध रहन्छौं। साथै नवनिर्मित अस्पताल भवन हस्तान्तरण पश्चात् सञ्चालन हुने सम्पूर्ण गुणस्तरीय स्वास्थ्य सेवा सबैका लागि पहुँचयोग्य बनाउने हाम्रो लक्ष्य अटल छ।

हामीले अर्को वर्षको सुरुवात गर्दा, हामी हाम्रा सेवाहरू विस्तार गर्ने, पूर्वाधारमा सुधार गर्ने र बिरामी केन्द्रित हेरचाहको संस्कृतिलाई बढावा दिने हाम्रो संकल्पमा दृढ छौं। हामी हाम्रो समर्पित टोली, सहयोगी साझेदारहरू, नेपाल सरकार र सबैभन्दा महत्त्वपूर्ण हाम्रो समुदायलाई हृदयदेखि कृतज्ञता व्यक्त गर्दछौं। तपाईंको विश्वासले संखुवासभा जिल्लाको स्वास्थ्य सेवाको आवश्यकतालाई करुणा र उत्कृष्टताका साथ सेवा गर्ने हाम्रो प्रतिबद्धतालाई बलियो बनाउँछ।

हामी मिलेर संखुवासभाको स्वस्थ्य र बलियो भविष्य निर्माण गर्न जारी राख्नेछौं। स्वास्थ्य र उपचारको यो यात्रामा हामीसँग सामेल हुनुभएकोमा धन्यवाद ।

# जिल्ला समन्वय समिति

खाँदबारी, सङ्खुवासभा



**शुभकामना मन्तव्य**

जिल्ला अस्पताल सङ्खुवासभाले आफ्नो सेवा, उपलब्धि, अनुभव र आगामी कार्यदिशालाई समेटी प्रकाशन गर्न लागेको यस स्मारिकामा शुभकामना मन्तव्य व्यक्त गर्न पाउँदा मलाई अत्यन्तै हर्ष र गौरवको अनुभूति भएको छ। यस महत्वपूर्ण प्रकाशनका लागि निरन्तर खटिनुहुने सम्पूर्ण अस्पताल परिवार, सम्पादकीय तथा प्रकाशन समितिप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

सङ्खुवासभाको सदरमुकाम खाँदबारीमा स्वास्थ्य सेवाको एउटा सानो उज्यालोका रूपमा सुरु भएको जिल्ला अस्पताल आज समयको प्रवाहसँगै अनेकौं आरोहअवरोह पार गर्दै जिल्लावासीको भरोसा-, आशा र जीवनसँग जोडिएको स्वास्थ्य संस्थाका रूपमा स्थापित हुँदै गएको छ। अस्पतालको इतिहास केवल भवन, शय्या र उपकरणको इतिहास होइन; यो त दुर्गम पहाडी भूगोलमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न अनवरत रूपमा खटिएका स्वास्थ्यकर्मीहरूको समर्पण, सेवाग्राहीको विश्वास र समुदायको साथको इतिहास पनि हो।

पछिल्ला वर्षहरूमा अस्पतालले भौतिक पूर्वाधारको विकाससँगै विशेषज्ञ सेवा, आकस्मिक सेवा तथा विशिष्टीकृत उपचारका क्षेत्रमा समेत उल्लेखनीय फड्को मार्दै आएको छ। हेमोडायलाइसिस सेवाको सुरुवात, आँखा उपचार सेवा,विशेषज्ञ चिकित्सकीय सेवाको विस्तारमा दुरबिनबाट गरिने सर्जरी सेवा , दक्ष जनशक्तिको परिचालन तथा आधुनिक स्वास्थ्य सेवातर्फको अग्रसरता यस यात्राका महत्वपूर्ण उपलब्धि हुन्। यी उपलब्धिहरू केवल अस्पतालका प्रगति सूचक होइनन्; दुर्गम जिल्लाका नागरिकले उपचारका लागि टाढा जानुपर्ने बाध्यतालाई क्रमशः कम गर्दै आफ्नै जिल्लामा गुणस्तरीय सेवा प्राप्त गर्ने वातावरण निर्माणतर्फका महत्वपूर्ण पाइला हुन्। यस करिब पांच दशकको यात्रामा स्वास्थ्यकर्मीहरूको भूमिका सबैभन्दा महत्वपूर्ण छ। सीमित स्रोतसाधन, दरबन्दी पूर्णता नहुनु ,भौगोलिक कठिनाइ र विविध चुनौतीका बीच दिनरात सेवामा समर्पित चिकित्सक, नर्सिङ तथा पारामेडिक्स, प्रशासनिक एवं सहयोगी कर्मचारीहरूको मेहनत र प्रतिबद्धताप्रति म हार्दिक सम्मान व्यक्त गर्दछु।

जिल्ला समन्वय समिति, अस्पताल विकास समिति, प्रदेश सरकार, स्थानीय तह, अस्पताल परिवार, विकास साझेदार तथा सम्पूर्ण सरोकारवालाबीचको सहकार्य र समन्वयलाई अझ सुदृढ गर्दै जिल्ला अस्पताललाई विश्वसनीय, गुणस्तरीय, प्रविधिमैत्री र नागरिकमुखी स्वास्थ्य संस्थाका रूपमा स्थापित गर्ने हाम्रो साझा संकल्प हो। आगामी दिनमा आवश्यक पूर्वाधार, उपकरण, जनशक्ति र विशेषज्ञ सेवाको विस्तार गर्दै अस्पताललाई अझ सबल बनाउने यात्रामा सबैको साथ र सहयोग निरन्तर प्राप्त हुने विश्वास लिएको छु।

अन्त्यमा, यस स्मारिकाले जिल्ला अस्पताल सङ्खुवासभाको हिजोको यात्रा, आजको उपलब्धि र भोलिको सम्भावनालाई अभिलेखीकृत गर्दै भावी पुस्ताका लागि एउटा महत्वपूर्ण दस्तावेजका रूपमा स्थान बनाओस् भन्ने शुभकामना व्यक्त गर्दै यस कार्यमा प्रत्यक्षर्नुहुने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।परोक्ष रूपमा सहयोग ग-

(सुमन शाक्य)

प्रमुख

सुमन शाक्य

(प्रमुख)

जिल्ला समन्वय समिति, सङ्खुवासभा

प्रदेश सरकार
# स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

: +९७७-०२१-५९०६७१
: info.moh@p1.gov.np
: moh.koshi.gov.np

प.सं.:-२०८२/८३
च.नं.:-

**शुभकामना मन्तव्य**

जिल्ला अस्पताल, संखुवासभाको आर्थिक वर्ष २०८२को वार्षिक प्रतिवेदन प्रकाशनको अवसरमा अस्पताल परिवारलाई ८३/ हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्तगर्दछु।

नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक हक सुनिश्चित गर्दै गुणस्तरीय, सर्वसुलभ तथा प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्नु राज्यको महत्वपूर्ण दायित्व हो। यस दायित्वलाई आत्मसात् गर्दै दुर्गम भौगोलिक परिवेशमा समेत जिल्ला अस्पताल संखुवासभाले स्वास्थ्य सेवाको पहुँच विस्तार, सेवा गुणस्तर अभिवृद्धि तथा आधुनिक स्वास्थ्य प्रविधिको उपयोगमा निरन्तर प्रयास गर्दै आएको छ। अस्पतालबाट प्रवाह भइरहेका आकस्मिक, मातृशिशु तथा नवजात, फार्मेसी शल्यक्रिया ,, आ इ सी युप्रयोगशाला, विभिन्न विशेषज्ञ तथा जनरल ओपिडी सेवा , SNCU /, इमेजिङ तथा हेमोडायलाइसिस लगायतका सेवाले जिल्लावासीको स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

सीमित स्रोतसाधनका बाबजुद स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको समर्पण-, मेहनत, व्यावसायिकता र सेवाभावका कारण अस्पतालले आफ्नो सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै अघि बढिरहेकोमा प्रशंसा व्यक्त गर्दछु। साथै स्वास्थ्य सेवाको गुणस्तर सुधार, पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन तथा सेवाको निरन्तरता कायम गर्न अस्पताल व्यवस्थापन समिति, स्वास्थ्यकर्मी, कर्मचारी, स्थानीय तह तथा विकास साझेदारहरूले पुऱ्याउँदै आएको सहयोग सराहनीय छ।

आर्थिक वर्ष २०८२मा अस्पतालले हासिल गरेका उपलब्धि ८३/, सामना गरेका चुनौती तथा आगामी दिनका कार्ययोजनालाई समेटिएको यस वार्षिक प्रतिवेदनले अस्पतालको समग्र प्रगतिको यथार्थ चित्र प्रस्तुत गर्नुका साथै आगामी दिनमा सेवा सुधारका लागि मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु। आगामी दिनमा अस्पतालले अझ गुणस्तरीय, सुरक्षित, जनमैत्री र सेवाग्राही केन्द्रित स्वास्थ्य सेवा प्रदान गर्दै जिल्लावासीको भरोसाको स्वास्थ्य संस्थाका रूपमा आफ्नो पहिचान अझ सुदृढ बनाउने अपेक्षा गर्दछु।

अन्त्यमा, वार्षिक प्रतिवेदन प्रकाशनका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै विगतका अनुभवलाई प्रेरणा, वर्तमानका उपलब्धिलाई आधार र भविष्यका सम्भावनालाई लक्ष्य बनाउँदै जिल्ला अस्पताल संखुवासभा अझ गुणस्तरीय, प्रविधिमैत्री, सेवामुखी तथा मानवकेन्द्रित स्वास्थ्य सेवाको उत्कृष्ट केन्द्रका रूपमा अघि बढिरहोस्–यही शुभकामना, यही प्रतिबद्धता र यही विश्वासका साथ यसको गौरवमय यात्रा निरन्तर अगाडि बढिरहोस्।

**धन्यवाद।**

डा. कीर्तिपाल सुवेदी
प्रदेश सचिव
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश, विराटनगर

**मन्तव्य**



समयको प्रवाहसँगै विश्वास र उत्तरदायित्वको यात्रामा चार दशकभन्दा लामो समयदेखि सङ्खुवासभाका नागरिकसँग जोडिँदै आएको जिल्ला अस्पताल सङ्खुवासभाको उपलब्धि, अनुभव र भावी संकल्पलाई समेटेर प्रकाशन गर्न लागिएको यस  मा मन्तव्य "मुहार पुस्तिका"राख्न पाउनु मेरो लागि गौरवको विषय हो। यस महत्वपूर्ण प्रकाशनका लागि सम्पूर्ण प्रकाशन तथा सम्पादकीय समितिप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

सङ्खुवासभाको सदरमुकाम खाँदबारीमा वि.सं. २०३३ सालमा स्थापित यस अस्पतालले आफ्नो स्थापनाकालदेखि नै भौगोलिक विकटता, सीमित स्रोतसाधन र विविध चुनौतीका बीच सङ्खुवासभाका साथै छिमेकी भोजपुर तथा धनकुटाका नागरिकलाई स्वास्थ्य सेवाको भरोसायोग्य केन्द्रका रूपमा सेवा प्रदान गर्दै आएको छ। समयको परिवर्तनसँगै अस्पतालले पनि आफ्नो स्वरूप र सेवाको दायरा विस्तार गर्दै नागरिकको स्वास्थ्य अधिकारलाई व्यवहारमा रूपान्तरण गर्ने यात्रालाई निरन्तरता दिइरहेको छ।

वि.सं. २०७४ सालदेखि ५० शैयाको अस्पतालका रूपमा सेवा सञ्चालन हुँदै आएको यस संस्थाले नयाँ भवन निर्माण सम्पन्न भई सोहि भवनमा आज आकस्मिक, प्रसूति तथा शल्यक्रिया, जनरल मेडिसिन, बालरोग, हाडजोर्नी, दन्त, फिजियोथेरापी, रक्तसञ्चार, प्रयोगशाला, रेडियोलोजी, फार्मेसी, OCMC, ART Clinic, Pain Clinic, ICU, NICU, SNCU लगायतका विविध सेवा प्रवाह गरिरहेको छ। स्वास्थ्य बीमा तथा निःशुल्क औषधि कार्यक्रममार्फत आर्थिक तथा भौगोलिक रूपमा कमजोर नागरिकको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने प्रयाससमेत निरन्तर छ।

विशेषज्ञ सेवा विस्तारको क्रममा यस वर्ष हेमोडायलाइसिस, ल्याप्रस्कोपिक शल्यक्रिया, आँखा उपचार केन्द्र  सञ्चालनमा ल्याउन सफल भएका छौँ। विशेषतः आफ्नै जिल्लामा हेमोडायलाइसिस सेवा प्रारम्भ हुनु यहाँका नागरिकका लागि मात्र नभई जिल्लाको स्वास्थ्य सेवाको इतिहासमै एउटा महत्वपूर्ण उपलब्धि हो। आगामी दिनमा CT Scan, पोषण पुनर्स्थापना गृह, अत्याधुनिक उपकरण सहितको प्रयोगशालाबाँझोपनको उपचार सेवा तथा अझ थप प्रविधिमैत्री विशेषज्ञ सेवाहरू, विस्तार गर्दै नागरिकलाई उपचारका लागि टाढा जानुपर्ने बाध्यता क्रमशः कम गर्ने हाम्रो लक्ष्य रहेको छ।

स्थायी दरबन्दीको तुलनामा जनशक्ति सीमित रहेता पनि  व्यवस्थापन समिति, प्रदेश करार तथा अन्य स्रोतबाट परिचालित चिकित्सक, नर्सिङ तथा स्वास्थ्यकर्मीहरूको समर्पण र सेवाभावले अस्पतालको सेवा प्रवाहलाई निरन्तरता दिइरहेको छ। सम्पूर्ण चिकित्सक, नर्सिङ तथा सम्पूर्ण स्वास्थ्यकर्मी र कर्मचारीहरूको कर्तव्यनिष्ठा, समर्पण र सेवाभावले अस्पतालको सेवा अविच्छिन्न भएको छ । सीमितताभित्र सम्भावना खोज्नु, चुनौतीभित्र समाधान निर्माण गर्नु र सेवाग्राहीको विश्वासलाई आफ्नो जिम्मेवारी ठान्नु नै यस अस्पतालको विकास यात्राको मूल आधार बनेको छ ।

अस्पतालको विकास यात्रा सहकार्यको यात्रासमेत हो। संघिय सरकार, कोशी प्रदेश सरकार, स्थानीय तह, जिल्ला समन्वय समिति, अस्पताल व्यवस्थापन समिति, खाँदबारी नगरपालिका, अरुण तेस्रो

जलविद्युत आयोजना, निक साइमन इन्सिटिच्युटघउधोग वाणिज्य सं ,, रेडक्रस, विकास साझेदार, समाजसेवी तथा सञ्चारकर्मीहरूको साथ र सहयोगले यस यात्रालाई थप बलियो बनाएको छ। आगामी दिनमा पनि यही विश्वास, सहकार्य र सद्भाव निरन्तर प्राप्त हुने अपेक्षा गर्दछु।

अन्त्यमा, अस्पतालको सेवामा समर्पित सम्पूर्ण चिकित्सक, नर्सिङ तथा स्वास्थ्यकर्मी, प्रशासनिक एवं सहयोगी कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। हिजोको समर्पणले आजको उपलब्धि निर्माण गरेको छ र आजको उपलब्धिले भोलिको सम्भावनाको ढोका खोल्नेछ। यही दृढ विश्वासका साथ जिल्ला अस्पताल सङ्खुवासभालाई अझ गुणस्तरीय, सुरक्षित, प्रविधिमैत्री, सेवाग्राहीमैत्री र जनउत्तरदायी स्वास्थ्य संस्थाका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु।

धन्यवाद।

डासन्तोष देव .
कन्सल्टेन्ट जनरल सर्जन, नवौँ तह
प्रमुख मेडिकल सुपरिटेन्डेन्ट
जिल्ला अस्पताल सङ्खुवासभा

# परिच्छेद: १
# परिचय

## १.१ अस्पतालको पृष्टभूमि

दुर्गम हिमाली भूगोल, कठिन यातायात र सीमित स्रोत-साधनका बीच संखुवासभावासीको स्वास्थ्यप्रतिको आशा र अपेक्षालाई आत्मसात् गर्दै अघि बढेको जिल्ला अस्पताल संखुवासभा आज पूर्वी नेपालको एक महत्वपूर्ण सरकारी स्वास्थ्य संस्थाका रूपमा स्थापित भएको छ। खाँदबारी नगरपालिका-१ मा अवस्थित यो अस्पताल हाल ५० शैयाको सरकारी अस्पतालका रूपमा सञ्चालनमा रहेको छ। जिल्ला अस्पताल संखुवासभाको वर्तमान स्वरूप कुनै एक दिनको उपलब्धि होइन। यसको पछाडि पाँच दशकभन्दा लामो संघर्ष, स्थानीय समुदायको योगदान, नेतृत्वको दूरदृष्टि, स्वास्थ्यकर्मीहरूको समर्पण तथा विभिन्न सरकारी र विकास साझेदार संस्थाको सहकार्य जोडिएको छ।

संखुवासभामा स्वास्थ्य सेवाको औपचारिक सुरुवात आयुर्वेदिक औषधालयबाट भएको थियो। आधुनिक स्वास्थ्य सेवाको आवश्यकता बढ्दै गएपछि स्थानीय समाजसेवी तथा जग्गादाताहरू नरबहादुर श्रेष्ठ, तुलसीलाल, कृष्णराज शाक्य, बाबुलाल श्रेष्ठ, भीमबहादुर श्रेष्ठ तथा चन्द्रबहादुर श्रेष्ठले करिब १४ रोपनी जग्गा उपलब्ध गराउनुभयो। उहाँहरूको यो योगदान अस्पताल स्थापनाको ऐतिहासिक आधार बन्यो।

वि.सं. २०२९ सालमा तत्कालीन स्वास्थ्यमन्त्री माननीय हिरालाल विश्वकर्माबाट १५ शैयाको जिल्ला अस्पतालको शिलान्यास भयो। निर्माण सम्पन्न भएपछि वि.सं. २०३३ सालमा तत्कालीन स्वास्थ्यमन्त्री माननीय पद्‌मसुन्दर लावतीबाट औपचारिक उद्‌घाटन भयो। त्यसबेला स्टाफ नर्स सबिना उदाससहित १० जना स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीबाट बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक सेवा सुरु भएको थियो। सेवा विस्तारको क्रममा वि.सं. २०३९ सालमा ल्याब टेक्निसियन मोहन कार्कीको नेतृत्वमा प्रयोगशाला सेवा सुरु भयो। वि.सं. २०४५ सालमा आर.आर.एन. (RRN) संस्थामार्फत १०० एम.ए. क्षमताको एक्स-रे मेसिन प्राप्त भएपछि रेडियोलोजी सेवा प्रारम्भ भयो। प्रविधिको विकाससँगै वि.सं. २०७२ सालमा सी.आर. (Computed Radiography) प्रविधि जडान गरियो तथा प्रयोगशालामा आधुनिक परीक्षण उपकरणहरू थप गरिए।

अस्पतालको विकास यात्रामा वि.सं. २०७४ साल महत्वपूर्ण मोड बन्यो। तत्कालीन स्वास्थ्य राज्यमन्त्री माननीय तारामान गुरुङज्यूको पहलमा जिल्ला अस्पताललाई १५ शैयाबाट ५० शैयामा स्तरोन्नति गरियो र आधुनिक अस्पताल भवन निर्माणको स्वीकृति प्राप्त भयो। लामो प्रतीक्षापछि वि.सं. २०८२ साल असार ९ गते नयाँ ५० शैयाको सुविधा सम्पन्न भवन औपचारिक रूपमा हस्तान्तरण भई सञ्चालनमा आयो। यो दिन अस्पतालको भौतिक विकासको मात्र होइन, वर्षौंदेखिको सपना र प्रतीक्षाले मूर्त रूप पाएको ऐतिहासिक दिनका रूपमा स्मरणीय छ। सीमित स्रोत-साधनका बाबजुद अस्पतालले संखुवासभाका साथै छिमेकी जिल्ला भोजपुरका नागरिकलाई समेत निरन्तर सेवा दिँदै आएको छ।

संघीयतापछि अस्पताल प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको मातहतमा आएपछि विकासको यात्राले थप गति लियो। श्री सुमन शाक्यज्यूको अध्यक्षतामा गठित अस्पताल व्यवस्थापन समितिको सक्रिय नेतृत्वमा भौतिक पूर्वाधारसँगै सेवा गुणस्तर, आधुनिक प्रविधि, जनशक्ति व्यवस्थापन तथा संस्थागत सुशासनमा महत्वपूर्ण सुधारहरू भए।

अस्पतालमा आधुनिक तथा विशेषज्ञ सेवाको विस्तारलाई प्राथमिकता दिँदै इन्डोस्कोपी, सी-आर्म (C-Arm), ५ शैयाको भेन्टिलेटरसहितको सघन उपचार कक्ष (ICU) नवजात शिशु उपचार कक्ष लगायतका विशिष्टीकृत सेवाका लागि आवश्यक उपकरण तथा पूर्वाधार विकास गरिएको छ। यससँगै वि.सं. २०८२ साल चैत १५ गतेदेखि हेमोडायलाइसिस सेवा सञ्चालनमा आएको छ, जसले मिर्गौलासम्बन्धी समस्या भएका बिरामीलाई आफ्नै जिल्लामा नियमित उपचार सेवा प्राप्त गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ।

त्यस्तै, दुर्बिनबाट गरिने शल्यक्रिया (ल्याप्रोस्कोपिक सर्जरी) सेवा विस्तारले अस्पतालको शल्यक्रिया सेवालाई थप आधुनिक र प्रविधिमैत्री बनाएको छ। आँखा सेवाको विस्तारसँगै आँखासम्बन्धी परीक्षण, उपचार तथा आवश्यक स्वास्थ्य सेवाका लागि समेत जिल्लावासीलाई स्थानीय स्तरमै सुविधा प्राप्त गर्ने अवसर थपिएको छ।

रेडियोलोजी सेवामा ५०० एमक्षमताको आधुनिक डिजिटल रेडियोग्राफी प्रणाली .ए. जडान गरिएको छ भने प्रयोगशालामा कल्चर मेसिन, CLIA मेसिन, Fully Automated Bio-Chemistry Analyzer तथा Gene X-pert जस्ता अत्याधुनिक उपकरण सञ्चालनमा छन्। यी प्रविधि र विशेषज्ञ सेवाको विस्तारले जटिल स्वास्थ्य समस्याको पहिचान, उपचार तथा व्यवस्थापनलाई थप सहज, छिटो र प्रभावकारी बनाउँदै अस्पताललाई आधुनिक स्वास्थ्य सेवाको नयाँ चरणतर्फ अघि बढाएको छ।

अस्पतालले स्वास्थ्य बीमा कार्यक्रम तथा सामाजिक सेवा इकाइमार्फत आर्थिक रूपमा कमजोर, विपन्न तथा असहाय नागरिकलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयास गर्दै आएको छ। हाल ५० शैयाको अस्पतालका लागि निर्धारण गरिएका २६ प्रकारका सेवाहरू शतप्रतिशत

सञ्चालनमा रहेका छन्। बहिरङ्ग, अन्तरङ्ग, आकस्मिक, प्रयोगशाला, रेडियोलोजी, फार्मेसी, प्रसूति, Caesarean Section, ICU तथा फिजियोथेरापी लगायतका सेवाहरू नियमित रूपमा सञ्चालनमा छन्।

अस्पतालमा ९ जना विशेषज्ञ चिकित्सकसहित ५९ जनाको स्वीकृत दरबन्दी रहेको छ। स्थायी पदपूर्तिमा चुनौती भए पनि अस्पताल व्यवस्थापन समिति र प्रशासनले विभिन्न साझेदार संस्थासँग सहकार्य गरी विशेषज्ञ जनशक्ति व्यवस्थापन र सेवा विस्तारलाई निरन्तरता दिएका छन्।

कर्मचारीको मनोबल अभिवृद्धिका लागि तलब-सुविधामा वृद्धि, प्रोत्साहन भत्ता, अतिरिक्त समय कार्यको भत्ता, उत्कृष्ट कर्मचारी सम्मान तथा पुरस्कार, स्वास्थ्य बीमा र आवासीय सुविधाजस्ता व्यवस्थाहरू गरिएको छ। यसले कर्मचारीको आत्मविश्वास, संस्थाप्रतिको अपनत्व र सेवाप्रतिको समर्पणलाई थप बलियो बनाएको छ।

अस्पतालप्रतिको जनविश्वास पनि बढ्दै गएको छ। आर्थिक वर्ष २०८१/८२ मा ७१,६७१ जना सेवाग्राहीले सेवा लिएकोमा २०८२/८३ मा ७९,७२५ पुगेका छन्। सेवाग्राहीमा ११.३ प्रतिशत वृद्धि भएको छ। हाल अस्पतालमा ९ जना विशेषज्ञ चिकित्सकसहित कुल १४५ जना कर्मचारीबाट निरन्तर स्वास्थ्य सेवा प्रदान भइरहेको छ। जिल्ला अस्पतालको सेवा प्रवाहमा व्यवस्थापकीय समन्वय र कार्यान्वयनको गुणस्तरीयतामा अभिवृद्धि हुन सकोस भनि प्रदेश सरकारले हाम्रो अस्पताललाई अस्पताल व्यवस्थापन अधिकृतको पदस्थापना गरेको र विगत एक वर्ष देखि उहाँको सकृयता र नेतृत्वले विशेष गरि भवन सञ्चालन तथा विभिन्न विभागहरुको व्यवस्थापमा महत्वपूर्ण भूमिका निर्वाह भएको छ ।

अस्पतालको विकासमा विभिन्न विकास साझेदारहरूको सहयोग महत्वपूर्ण रहँदै आएको छ। अरुण तेस्रो जलविद्युत् परियोजनाको सहयोगमा एक जना हाडजोर्नी विशेषज्ञ तथा एक जना रेडियोलोजिस्ट व्यवस्था भएको छ । त्यस्तै निक साइमन्स इन्स्टिच्युटको सहयोगमा एक जना एम.डी.जी.पी. (MDGP) चिकित्सक सहित ४ जनाको शल्यक्रिया टोलि उपलब्ध भएको छ। आगामी आर्थिक बर्ष का लागि ति संस्थाका सहयोग स्थान्तरण हुने भएकोले अस्पतालको सेवाको यात्रामा केहि संघर्षमय रहने छ ।

अस्पतालको विकास र विशेषज्ञ सेवा विस्तारमा विभिन्न विकास साझेदारहरूको सहयोग महत्वपूर्ण रहँदै आएको छ। अरुण तेस्रो जलविद्युत् परियोजनाको सहयोगमा एक जना हाडजोर्नी विशेषज्ञ तथा एक जना रेडियोलोजिस्ट विशेषज्ञ र निक साइमन्स इन्स्टिच्युटको सहयोगमा एक जना एम.डी.जी.पी. (MDGP), चिकित्सक र शल्यक्रियाको टोलीको सेवा प्राप्त हुँदै आएको थियो। यी विशेषज्ञ सेवाले जिल्लावासीलाई आफ्नै जिल्लामा गुणस्तरीय तथा विशिष्टीकृत स्वास्थ्य सेवा प्राप्त गर्ने अवसर प्रदान गर्नुका साथै अस्पतालको सेवा विस्तारमा

महत्वपूर्ण योगदान पुऱ्याएका थिए। तर श्रावण १ गतेदेखि यी साझेदार संस्थाहरूबाट उपलब्ध हुँदै आएका विशेषज्ञ चिकित्सकहरूको सेवा निरन्तरता हुन नसक्दा अस्पतालको नियमित तथा विशेषज्ञ सेवा व्यवस्थापनमा थप चुनौती सिर्जना भएको छ।

यधपी चुनौतीका बाबजुद पनि जिल्ला अस्पताल संखुवासभाले आफ्नो सेवा प्रवाहलाई निरन्तरता दिँदै आएको छ। उपलब्ध जनशक्ति, स्रोत-साधन तथा पूर्वाधारको अधिकतम उपयोग गर्दै सेवाग्राहीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयास निरन्तर जारी छ। आगामी दिनमा विशेषज्ञ जनशक्तिको स्थायी तथा दिगो व्यवस्थापन, थप विशिष्टीकृत सेवाको विस्तार र विकास साझेदारहरूसँगको सहकार्यलाई अझ सुदृढ गर्दै अस्पताललाई आत्मनिर्भर तथा सक्षम स्वास्थ्य संस्थाका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ। सहयोगका हातहरू केही समयका लागि टाढिए पनि सेवाप्रतिको प्रतिबद्धता टाढिएको छैन। सीमितता र चुनौतीका बीच पनि जिल्लावासीको स्वास्थ्य अधिकारलाई केन्द्रमा राख्दै जिल्ला अस्पताल संखुवासभा निरन्तर अघि बढिरहेको छ।

पाँच दशकभन्दा लामो यात्रामा जिल्ला अस्पताल संखुवासभाले धेरै रूप परिवर्तन गरेको छ– आयुर्वेदिक औषधालयबाट आधुनिक अस्पतालसम्म, १५ शैयाबाट ५० शैयासम्म, सीमित स्रोतबाट अत्याधुनिक प्रविधिसम्म। तर यसको सबैभन्दा ठूलो उपलब्धि भवन, उपकरण वा तथ्याङ्क मात्र होइन। यसको सबैभन्दा ठूलो उपलब्धि जनताको विश्वास हो। अस्पतालको प्रत्येक इँटामा स्थानीय समुदायको योगदान छ। प्रत्येक सेवामा स्वास्थ्यकर्मीको समर्पण छ। प्रत्येक उपलब्धिमा नेतृत्वको दूरदृष्टि र साझेदारहरूको सहयोग छ। अनि अस्पतालको प्रत्येक ढोकामा उपचारको आशा बोकेर आउने सेवाग्राहीसँग जोडिएको छ ।आज जिल्ला अस्पताल संखुवासभा केवल एउटा स्वास्थ्य संस्था होइन यो संखुवासभावासीको विश्वास, आशा र जीवनको सहयात्री हो। विगतका अनुभवलाई प्रेरणा, वर्तमानका उपलब्धिलाई आधार र भविष्यका सम्भावनालाई लक्ष्य बनाउँदै जिल्ला अस्पताल संखुवासभा अझ गुणस्तरीय, प्रविधिमैत्री, सेवामुखी तथा मानवकेन्द्रित स्वास्थ्य सेवाको उत्कृष्ट केन्द्रका रूपमा अघि बढिरहोस्–यही शुभकामना, यही प्रतिबद्धता र यही विश्वासका साथ यसको गौरवमय यात्रा निरन्तर अगाडि बढिरहोस्।

१.२ नागरिक वडापत्र

| क.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बहिरङ्ग सेवा (OPD) | नाम दर्ता | ३ | आईतबार - बिहीबार ९:०० बजेदेखि १ बजेसम्म शुक्रबार ९:०० बजेदेखि १२ बजेसम्म | रु ३० | दर्ता सहयोगी | मे.सु. | |
| | | बिरामी परिक्षण तथा उपचार | ६-१३ | ९.३० बजेदेखि ५ बजेसम्म | निःशुल्क | विशेषज्ञ, मे.अ, पारामेडिक्स | मे.सु. | |
| | | ड्रेसिङ्ग | १ | ९.३० बजेदेखि ५ बजेसम्म | समितिको निर्णयनुसार | मे.अ. | मे.सु. | |
| | | General OPD | ६ | ९.३० बजेदेखि ५ बजेसम्म | रु ३० | General Physician र मे अ | | |
| | | Medicine | 12 | ९.३० बजेदेखि ५ बजेसम्म | रु १०० | General Physician र मे अ | | |
| | | Eye OPD | ८ | ९.३० बजेदेखि ५ बजेसम्म | रु ३० | ophthalmic assistant | | |

| क्र.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | Orthopedic OPD | १३ | ९.३० बजेदेखि ५ बजेसम्म | रु १०० | Orthopedic Surgeon | | |
| | | Pediatric OPD | ९ | ९.३० बजेदेखि ५ बजेसम्म | रु १०० | Pediatrician | | |
| | | General Surgery OPD | १० | ९.३० बजेदेखि ५ बजेसम्म | रु १०० | General Surgeon | | |
| | | Pre anesthesia check up | | ९.३० बजेदेखि ५ बजेसम्म | | Anesthesiologists and Anesthesia assistant | | |
| | | EHS | | | २०० | Respective Specialist | | |
| | | दन्त सेवा | ७ | ९.३० बजेदेखि ५ बजेसम्म | समितिको निर्णयनुसार | डेण्टल सर्जन, डेण्टल हाईजेनिस्ट | मे.सु. | |
| २ | अन्तरंग सेवा (Indoor ) | बिरामी भर्ना | २० | २४ सै घण्टा | बेड चार्ज रु ५० क्याबिन १००० | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |
| | | राउण्ड लिने समय | _ | बिहान ८ बजे बेलुकी ४ बजे | निःशुल्क | विशेषज्ञ, मे.अ | मे.सु. | |
| ३ | आकस्मिक सेवा | नाम दर्ता | ३ | २४ सै घण्टा | रु ६० | दर्ता सहयोगी | मे.सु. | |

| क्र.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | (Emergency Service) | बिरामी परिक्षण तथा उपचार | १ | २४ सै घण्टा | निःशुल्क | मे.अ., परामेडिक्स | मे.सु. | |
| | | ड्रेसिङ्ग | | २४ सै घण्टा | समितिको निर्णयनुसार | मे.अ., B परामेडिक्स | मे.सु. | |
| | | नेबुलाईजेसन | | २४ सै घण्टा | निःशुल्क | मे.अ. , परामेडिक्स | मे.सु. | |
| | | राउण्ड लिने समय | _ | बिहान ८ बजे बेलुकी ४ बजे | निःशुल्क | पारामेडिक्स | मे.सु. | |
| ४ | रेडियोलोजी विभाग | एक्स रे | १९ | २४ सै घण्टा | समितिको निर्णयनुसार | रडियोलोजिष्ट, रेडियोग्राफर | मे.सु. | |
| | | ई.सी.जी. | १९ | २४ सै घण्टा | रु २०० | रेडियोग्राफर र पारामेडिक्स | मे.सु. | |
| | | भिडियो एक्स रे | १८ | ९.३० बजेदेखि ५ बजेसम्म | रु ६०० | विशेषज्ञ, तालिम प्राप्त मे.अ. | मे.सु. | |
| | | इको | १८ | ९.३० बजेदेखि ५ बजेसम्म | ८०० | | | |

| क्र.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | Anomaly scan | १८२ | ९.३० बजेदेखि ५ बजेसम्म बजेसम्म दिनको ४ जना | रु १५०० | | | |
| ५ | प्रसुति सेवा | सामान्य प्रसुति सेवा | १५ | २४ सै घण्टा | निःशुल्क | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | यातायात खर्च वापत रु ३००० र आठ पटक गर्भवती जाँच गराए बापत गर्भवतीमा उत्प्रेरणा भत्ता रु ८०० दिइने छ। |
| | | शल्यक्रियाद्धारा प्रसुति सेवा | | २४ सै घण्टा | निःशुल्क | विशेषज्ञ, तालिम प्राप्त मे.अ./ तालिम प्राप्त नर्सिङ स्टाफ | मे.सु. | |
| ६ | सुरक्षित मातृत्व सेवा | गर्भवती जाँच | २ | ९.३० बजेदेखि ५ बजेसम्म | निःशुल्क | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |
| | | परिवार नियोजन तथा परामर्श सेवा | २ | ९.३० बजेदेखि ५ बजेसम्म | निःशुल्क | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |
| | | पाठेघरको मुखको क्यान्सर जाँच,आंग | २ | ९.३० बजेदेखि ५ बजेसम्म | निःशुल्क | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |

| क्र.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | खसेको जांच तथा उपचार | | | | | | |
| ७ | सुरक्षित गर्भपतन सेवा | मेडिकल औषधीद्धारा सुरक्षित गर्भपतन (MA) | २ | ९.३० बजेदेखि ५ बजेसम्म | निःशुल्क | नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |
| | | सर्जिकल विधिबाट गर्भपतन (CAC/PAC) | २ | ९.३० बजेदेखि ५ बजेसम्म | निःशुल्क | तालिम प्राप्त मे.अ. र तालिम प्राप्त नर्सिङ स्टाफ | मे.सु. | |
| ८ | प्रयोगशाला | दिशा,पिसाब, खकार,रगत तथा अन्य परिक्षण,Biopsy | १६ | २४ सै घण्टा | समितिको निर्णयनुसार | मेडिकल ल्याव टेक्नोलोजिस्ट,प्रयोगशाला ड्युटी स्टाफ | मे.सु. | |
| ९ | फार्मेसी सेवा | स-शुल्क, नि-शुल्क औषधी वितरण | ४ | २४ सै घण्टा | समितिको निर्णयनुसार | फार्मेसी सुपरभाईजर | मे.सु. | |
| १० | अप्रेसन सेवा | साधारण अप्रेसन सेवा | २४ | १० बजे देखि ३ बजेसम्म | समितिको निर्णयनुसार | मे.अ., परामेडिक्स | मे.सु. | |
| | | Orthopedic Surgery | २४ | दैनिक समय मिलाएर | समितिको निर्णयनुसार | | मे.सु. | |
| | | General Surgery | २४ | दैनिक समय मिलाएर | समितिको निर्णयनुसार | | मे.सु. | |
| | | laparoscopy | २४ | दैनिक समय | समितिको | | | |

| क्र.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | surgery | | मिलाएर | निर्णयनुसार | | | |
| | | आकस्मिक अप्रेसन सेवा | २४ | २४ सै घण्टा | समितिको निर्णयनुसार | मे.अ., विशेषज्ञ | मे.सु. | |
| | | आकस्मिक अप्रेसन सेवाको लागि Pre anesthesia check up | २४ | २४ सै घण्टा | | Anesthesiologists, Anesthesia assistant | | |
| ११ | नवजात शिशु उपचार सेवा | जन्मेदेखि २८ दिन भित्रका नवजात शिशुको उपचार | | २४ सै घण्टा | निःशुल्क | बाल रोग विशेषज्ञ/ नर्सिङ अधिकृत, नर्सिङ ड्युटी स्टाफ | मे.सु. | |
| १२ | ईन्डोस्कोपी सेवा | | १७ | दैनिक समय मिलाएर ९.३० बजे देखि ५ बजेसम्म | रु २००० | तालिम प्राप्त विशेषज्ञ | मे.सु. | |
| १३ | निरोगिताको प्रमाण पत्र | | ६ | ९.३० बजेदेखि ५ बजेसम्म | रु ५०० | मे.अ. | मे.सु. | |
| १४ | घाँउ जाँच | | १ | २४ सै घण्टा | रु २०० | मे.अ. | मे.सु. | |
| १५ | अंपागताको प्रमाणपत्र | | ६ | ९.३० बजेदेखि ५ बजेसम्म | निःशुल्क | मे.अ. | मे.सु. | |

| क्र.सं | सेवाको किसिम | उपलब्ध सेवाहरु | कोठा नं. | समय | लाग्ने शुल्क | जिम्मेवार व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १६ | मेडिकल लिगल सेवा तथा OCMC सेवा | | २१ | २४ सै घण्टा | _ | ड्युटी मे.अ./ OCMC तालिम प्राप्त नर्सिङ स्टाफ | मे.सु. | |
| १७ | फिजियोथेरापी सेवा | | २५ | ९.३० बजेदेखि ५ बजेसम्म | समितिको निर्णयनुसार | फिजियोथेरापिष्ट | मे.सु. | |
| १८ | ए.आर.टी/डट्स | | ३२ | ९.३० बजेदेखि ५ बजेसम्म | निःशुल्क | ए.आर.टी काउन्सिलर | मे.सु. | |
| १९ | एम्बुलेन्स सेवा | | _ | २४ सै घण्टा | समितिको निर्णयनुसार | ह.स.चा. | मे.सु. | |
| २० | पोष्टमार्टम सेवा | | | ९.३० बजेदेखि ५ बजेसम्म | निःशुल्क | मे.अ. | मे.सु. | |
| २१ | Blood Bank | | ३३ | २४ सै घण्टा | | | | |

## १.३ संगठन संरचना


प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
कोशी प्रदेश, नेपाल
स्वास्थ्य निर्देशनालय
जिल्ला अस्पताल, सङ्खुवासभा
दरबन्दी विवरण
प्रमुख मेडिकल सुपरिटेण्टेन्ड, ज.हे.स. ११औ तह–१
इमरजेन्सी शाखा
मे.अ.-(८)–१
हे.अ. (५, ६, ७)–१
जनरल मेडिकल शाखा
ब.क.ज. फिजिसियन- (९, १०)–१
मे.अ. (८)–१
हे.अ. (५, ६, ७)–१
शल्यचिकित्सा शाखा
ब.क.सर्जन (९, १०)–१
ब.क. एनेस्थेसियोलोजीष्ट (९, १०)–१
हे.अ. (५, ६, ७)–१
बालरोग शाखा
ब.क.पेडियाट्रिसियन (९, १०)–१
मे.अ. (८)–१
स्त्री तथा प्रसुती रोग शाखा
ब.क. अब्स तथा गाईनोक्लोजिष्ट (९–१०)–१
मे.अ. (८)–१
हाडजोर्नी शाखा
ब.क. अर्थोपिडिक्स् सर्जन (९–१०)–१
हे.अ. (५, ६, ७)–१
फिजियोथेरापी शाखा
ब. फिजियोथेरापिष्ट (७, ८)–१
रेडियोलोजि शाखा
ब. रेडियोलोजिष्ट (९, १०)–१
रेडियोग्राफर निरिक्षक (५, ६, ७)–१
मानसिक रोग शाखा
ब.क. साइक्याट्रिस (९, १०)–१
हे.अ. (५, ६, ७)–१
नर्सिङ्ग शाखा
नर्सिङ्ग अधिकृत (७, ८)–१
स्टाफ नर्स (५, ६, ७)–६
अ.न.मी. (४, ५, ६)–५
मेडिकल रेकडर्स शाखा
मे.रे.अ, मे.रे.सु. (५, ६, ७)–१
डेन्टल शाखा
डेन्टल सर्जन (८)–१
डेन्टल हाईजिनिष्ट (५, ६, ७)–१
फार्मेसी शाखा
फार्मेसी निरीक्षक सुपरभाईजर (५, ६, ७)–१
प्रयोगशाला शाखा
ब. मेडिकल ल्याब टेक्नोलोजिष्ट (७,८)–१
ल्याब टेक्नीसियन (५, ६, ७)–३
ब. ल्याब असिष्टेण्ट निरीक्षक (४, ५, ६)–१
प्रशासन शाखा
नायब सुब्बा–१
खरिद्दार–१
कार्यालय सहयोगी–११
आर्थिक प्रशासन
लेखापाल–१
विविध
एनेस्थेसिया असिष्टेण्ट-१
कम्प्युटर अपरेटर-१
वायो मेडिकल टेक्निसियन-१
हलुका सवारी चालक-१
हाल कार्यरत कर्मचारीहरूको संख्या
स्थायी सेवा
करार सेवा
समिति
जम्मा

# १.४ मानव संसाधन

| सिनं. | पद | श्रेणी तह/ | स्विकृत दरबन्दी | पदपूर्ती | पद रिक्त | छात्रवृत्ति करार | अस्पताल विकास समिति | प्रदेश सरकार | अन्य (....) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख मेडिकल सुपरिटेण्डेण्ट | 11 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| २ | बरिष्ठ कन्सल्टेण्ट पिडियाट्रिसियन/ | 10/9 | 1 | 0 | 1 | 1 | 1 | 0 | 0 | 1 |
| ३ | बरिष्ठ कन्सल्टेण्ट अब्स्टेट्रिसीयन एण्ड / गाइनोकोलोजिष्ट | 10/9 | 1 | 0 | 1 | 1 | 0 | 0 | 0 | 1 |
| ४ | बरिष्ठ कन्सल्टेण्ट सर्जन/ | 10/9 | 1 | 0 | 0 | 1 | 0 | 0 | 0 | 2 |
| ५ | बरिष्ठ कन्सल्टेण्ट अर्थोपेडिक सर्जन/ | 10/9 | 1 | 0 | 1 | 1 | 1 | 0 | 0 | 2 |
| ६ | बरिष्ठ कन्सल्टेण्ट साइक्याट्रिस्ट/ | 10/9 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| ७ | बरिष्ठ कन्सल्टेण्ट एनेस्थोसियोलोजिष्ट/ | 10/9 | 1 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| ८ | जनरल फिजिसियन | 10/9 | 1 | 0 | 0 | 1 | 0 | 0 | 0 | 1 |
| ९ | बरिष्ठ कन्सल्टेण्ट रेडियोलोजिष्ट/ | 10/9 | 1 | 0 | 0 | 0 | 1 | 0 | 0 | 1 |
| १० | MDGP | 10/9 | ० | 0 | 0 | 0 | 1 | 0 | 0 | 1 |
| ११ | मेडिकल अधिकृत | 8 | 4 | 2 | 2 | 3 | 1 | 0 | 0 | 6 |
| १२ | डेन्टल सर्जन | 8 | 1 | 1 | 0 | 0 | 1 | 1 | 0 | 2 |
| १३ | फिजियोथेरापिष्ट | 8/7 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | मेडिकल ल्याब टेक्नोलोजिष्ट | 9/7 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| १५ | नर्सिङ अधिकृत | 10/7 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| १६ | नायब सुब्बा | राप्रथम.अन.प. | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| १७ | लेखापाल | राप्रथम.अन.प. | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| १८ | ल्याब टेक्निसियन | 7/6/5 | 3 | 3 | 0 | 0 | 2 | 2 | 0 | 7 |
| १९ | मेडिकल रेकर्डर सुपरभाइजर | 7/6/5 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| २० | स्टाफ नर्स | 7/6/5 | 6 | 6 | 0 | 08 | 9 | 0 | 0 | 23 |
| २१ | हेल्थ असिष्टेण्ट | 7/6/5 | 5 | 3 | 2 | 0 | 7 | 3 | 0 | 13 |
| २२ | फार्मेसी सहायक | 7/6/5 | 1 | 1 | 1 | 0 | 6 | 1 | 0 | 8 |
| २३ | रेडियोग्राफर | 7/6/5 | 1 | 1 | 0 | 0 | 2 | 0 | 0 | 2 |
| २४ | खरिदार | राद्रितीय.अन.प. | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| २५ | डेण्टल हाइजिनिष्ट | 7/6/5 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| २६ | वायोमेडिकल टेक्निसीयन | 7/6/5 | 1 | 1 | 0 | 0 | 1 | 0 | 0 | 1 |
| २७ | ल्याब असिस्टेण्ट | 6/5/4 | 1 | 1 | 0 | 0 | 2 | 0 | 0 | 2 |
| २८ | अनमी | 6/5/4 | 5 | 2 | 3 | 0 | 8 | 0 | 0 | 10 |
| २९ | एनेस्थेटिक सहायक | 7/6/5 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 1 |
| ३० | कम्पुटर अपरेटर | राप्रथम.अन.प. | 1 | 0 | 1 | 0 | 0 | 1 | 0 | 1 |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | अब.हे. | 6/5/4 | 0 | 0 | 0 | 0 | 6 | 1 | 0 | 7 |
| ३२ | सहजकर्ता | 5 | 0 | 0 | 0 | 0 | 0 | 3 | 0 | 3 |
| ३३ | कम्प्युटर टेक्निसियन | 5 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 1 |
| ३४ | इलेक्ट्रीसियन | ४ | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 1 |
| ३५ | एक्सरे सहायक | 4 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 1 |
| 36 | ART Counsellor | 5 | | | | | | | | 1 |
| 37 | Assistant physiotherapist | 5 | | | | | 1 | | | 1 |
| 38 | opthalmic assistant | 4 | | | | | 1 | | | 1 |
| 39 | opthalmic  assistant | 3 | | | | | 1 | | | 1 |
| ३६ | हलुका सवारी चालक | | 1 | 0 | 0 | 0 | 1 | 1 | 0 | 2 |
| ३७ | Security Guard | | 0 | 0 | 0 | 0 | 4 | 0 | 0 | 4 |
| ३८ | कार्यालय सहयोगी | | 11 | 2 | 9 | 0 | 7 | 29 | 0 | 38 |
| | जम्मा | | 59 | 30 | 20 | 4 | 63 | 36 | 0 | 145 |

# परिच्छेदः २
# सेवाहरु

## २.१ बहिरङ्ग सेवा

At District Hospital in Sankhuwasabha, our Outpatient Department (OPD) delivers a comprehensive range of medical services encompassing General Medicine, Pediatrics, General Surgery, Orthopedic Surgery, Obstetrics and Gynecology, Pre-Anesthesia services, Dental services, and Radiology services. With a daily capacity to assist 250-300 patients, our OPD caters to a diverse spectrum of health needs, offering services that span from fundamental disease screening to the management of a wide array of medical conditions.

Within our OPD, specialized services are extended, including:

- General Medicine
- Obstetrics and gynecology
- General Surgery
- Orthopedic Surgery
- Anesthesia service
- Pediatric
- Dental
- Radiology
- Eye



The General Medicine OPD provides comprehensive and patient-centered care through screening, diagnosis, treatment, and follow-up of various medical conditions. Services include management of infectious and systemic diseases, common dermatological and chronic conditions, psychiatric consultation, hemodialysis with timely referral and multidisciplinary care when required by every patient.




The Gynecology/Obstetric unit provides Antenatal Care (ANC) services, conducting essential screenings for gynaecological disorders. ANC visits are prioritized, incorporating strategic planning to address potential issues. The Gynaecological OPD is equipped to plan and execute both elective and emergency Cesarean Section rupture ectopic, vh surgeries based on clinical indications. Additionally, we offer specialized services such as Abdomen and Obstetric Screening through Ultrasonography (USG), Echocardiography (ECHO) Screening, and Endoscopy Screening within our OPD framework.

Our Surgery OPD provides consultation, diagnosis and comprehensive management of a wide range of general and specialized surgical conditions. Patients undergo thorough evaluation with appropriate cases planned for operative procedures.

**Recently added laparoscopic surgery services** along with endoscopic procedures have further enhanced the hospital’s surgical care. The service emphasizes safe, quality surgical management, timely referral and appropriate postoperative follow-up.







Our Orthopaedic OPD provides expert care for musculoskeletal conditions, including fractures, joint disorders, spine issues and sports injuries. Orthopaedic services include clinical evaluation, minor procedures, physiotherapy guidance, and planning for surgical interventions when necessary.

Anaesthesia OPD services provided by including pre-operative assessment and optimization of patients undergoing surgery, ensuring patient safety through detailed evaluation, risk stratification and counseling offering anaesthesia options, pain management services and post-operative follow-ups.



Paediatrics OPD service at our hospital is dedicated to the health and well-being of children from infancy to adolescence. Services include growth monitoring, immunization,

nutritional counseling, and management of acute and chronic pediatric conditions, all delivered with compassionate care.

Our Dental OPD service is committed to providing high-quality, patient-centered oral healthcare in a comfortable and efficient setting. Our Dental OPD offers a wide range of dental treatments and preventive care including routine check-up, professional cleaning, restorative treatment or a more specialized procedure tailored to individual needs. We use the latest techniques and technology to promote oral health, relieve discomfort, and restore smiles — all while minimizing wait times and maximizing patient satisfaction.

Our Radiology OPD service is the cornerstone of diagnostic support offering a wide range of imaging services including X-rays, ultrasounds and antenatal anomaly scans. With a focus on accuracy and efficiency, the department aids in timely diagnosis and treatment planning across all specialties. Our radiologist works closely with clinical teams to provide expert interpretations, ensuring quality care through advanced imaging technology.

## Eye OPD



Our Eye OPD provides comprehensive eye care services including vision screening, diagnosis, treatment and management of common eye conditions. The service also focuses on early detection of eye problems, preventive care and timely referral for specialized ophthalmic treatment when required.

# INFOGRAPHICS




CHART NO 1: Pattern of OPD visit of last 3 fiscal year




CHART NO. 2: Department wise OPD Service during FY 2082/83




CHART NO 3: Top 10 Outpatient Morbidity in last 3 FY




CHART NO:4 District wise OPD visit in FY 2082/83

# २.२ बालरोग तथा नवजात शिशू सेवा

राष्ट्रको स्वास्थ्य स्थिति मापन गर्न, त्यस देशको मातृ तथा शिशु मृत्युदर एक महत्त्वपूर्ण सूचक मानिन्छ। तसर्थ बाल स्वास्थ्य, देशको स्वास्थ्य प्रणालीको अति संवेदनशील तथा महत्त्वपूर्ण अंग हो । यदि अभिप्राय सहित यस संखुवासभा अस्पतालमा अरुण तेस्रो र अस्पताल व्यवस्थापन समितिको अमुर्त पुर्ण क्रियाशिलताका कारण आ.ब ७८/०७९ को तिहार अघिबाट बालरोग विशेषज्ञ सेवा सुरु भयो। यो संगै बाल स्वास्थ्यका धेरै चुनौतिहरु क्रमश निर्मुल हुदैं गएका छन्। सबै भन्दा पहिले बालस्वास्थ्य भनेको “Adult Medicine" जस्तै डोज चाहिँ आधा गरे पुग्छ भन्ने धारणा आम जनसाधारणमा मात्र के, कतिपय स्वास्थ्यकर्मी मै रहेको थियो। त्यस भ्रमलाई चिर्दै हामीले बालबालिका विकासको विभिन्न चरणमा रहेको र तिनीहरुको Physiology भिन्न भएको र उपचार पनि भिन्न रुपमा गर्नु पर्ने कुरा केहि हदसम्म बुझाउन सफल भएका छौ। यो नै सबै भन्दा महत्वपुर्ण कदम मान्न सकिन्छ।

यति सफलताका बावजुत पनि अझै थुप्रै कुराहरु सम्पन्न गर्नुपर्ने छ । जस्तै:

- NICU/ICU सुविधा छुटयाउने
- बालरोग OPD मा Developmental Screening अर्थात् बच्चाको विकास उचित रुपमा भैरहेको छ कि छैन भन्ने प्रारम्भिक जांच
- मस्तिस्क पक्षघातको जनचेतना तथा सहयोग सेवा
- कुपोषण शिक्षा तथा सेवाको स्तरोन्नति
- औषधिको तर्कसंगत प्रयोग



माथि उल्लेखित मध्ये, औषधिको तर्क संगत प्रयोग चाँहि यथासिघ्र गर्नुपर्ने आवश्यक छ। विशेषगरि रुघाखोकी जुन चाँहि ९०% viral संक्रमण हुन्छ, त्यसको उपचारमा Antibiotic प्रयोग नगर्ने तथा खोकी कम गर्ने औषधिको अनावश्यक प्रयोगलाई घटाउनु पर्नेछ । संक्षेपमा यति छोटो अवधिमा हामीले यस अस्पतालमा नवजात शिशुका हकमा अति आवश्यक सेवा NICU पनि संचालन गर्न सफल भएका छौ। यो संगै कम तौल भएका तथा समय भन्दा अगावै जन्मेका (preterm baby) बच्चाहरुलाई उचित सहयोगी सेवा प्रदान गर्न सफल भएका छौ। त्यसैगरी भेन्टिलेटर सुविधा पनि सुरु भएका कारण अति सघन उपचार पनि सम्भव छ। आ.व. ८२/८३ मा Pedia OPD बाट ६,४४० जना बालबालिकाहरुले यो सेवा लिएका छन्।

साथै SNCU सेवा छुट्टै कक्ष मार्फत बिरामी तथा जोखिममा रहेका नवजात शिशुहरूलाई विशेष निगरानी तथा उपचार प्रदान गरिन्छ। यस सेवाअन्तर्गत नवजात शिशुको तापक्रम व्यवस्थापन, संक्रमणको उपचार, अक्सिजन तथा श्वासप्रश्वास सहयोग, पोषण तथा स्तनपान सहयोग र आवश्यक अन्य नवजात शिशु सेवाहरू उपलब्ध छन्। समयमै उपचार तथा उचित व्यवस्थापनमार्फत नवजात शिशुको स्वास्थ्य र जीवनरक्षामा यस सेवाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।यस अस्पतालले यो आर्थिक वर्ष मा २ वटा अति कम तौल भएका नवजात शिसु को mom`s incubator मा राखी उपचार गरि स्वस्थ बनाइ घर पठाउन सफल भएको छ ।




CHART NO: 5 Trend of Pediatric OPD Visit for last 3 Fiscal Year




CHART NO: 6 Gender Distribution of Pediatric OPD Visit in Fiscal Year 2082/83

# २.३ हाडजोर्नी तथा नसा सेवा

जिल्ला अस्पताल संखुवासभामा सेवामा विस्तार गर्ने क्रममा आ.व. २०७८-७९ बाट हाडजोर्नी तथा नसा रोग सेवा विशेषज्ञ चिकित्सकद्वारा सुरु भएको छ। हाल यस विभागबाट सम्पुर्ण संखुवासभा जिल्लावासी लगायत भोजपुर जिल्लाको उत्तरी भेगको बासिन्दाहरुले सेवाको फाइदा उठाइरहेका छन्। दैनिक ३० भन्दा बढी बिरामीहरुलाई ओ.पी.डी. मा सेवा उपलब्ध भई रहेको छ भने चौबिसै घण्टा Emergency सेवा पनि प्रदान भई रहेको छ। हाडजोर्नीको शल्यक्रिया सुरु भएसंगै बिरामीहरुले शल्याक्रियाकै लागि मात्र भनि जिल्ला बाहिर धाउनुपर्ने समस्याबाट मुक्त भएका छन्। ठूला तथा साना शल्यक्रिया गरेर हाल मासिक २० देखि ४० वटा शल्यक्रिया भई रहेको छ। एक जना हाडजोर्नी तथा नसा रोग चिकित्सकको



दरबन्दी भएता पनि स्वीकृत दरबन्दी पुर्ण नभएको कारणले अरुण तेस्रो जलबिद्युतको सहयोगमा पद पूर्ति गरी हाडजोर्नीको विशेषज्ञ सेवा सुचारु भई थियो।



हाल समिति र नेपाल सरकार छात्रवृति करार अन्तर्गत २ जना बिशेषज्ञ भएकोले थप जटिल सेवा प्रदान गर्न अस्पताललाई सजिलो भएको छ । यस विभागमा हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा. निरन्जन परियार, डा आकाश प्रभाकर र कार्यालय सहयोगी तिर्थ मगर हुनुहुन्छ ।




CHART NO: 7 Distribution of Orthopedic Surgery in FY 2082/83




CHART No. 8: Distribution of Gender wise Orthopedic OPD Visit of FY 2082/83




CHART NO. 9: Orthopedic Service in last 3 Fiscal Year

## २.४ सामान्य सर्जरी सेवा



The department routinely performs procedure like appendectomy, herniotomy, hernia repair, hydrocele, circumcision, excision biopsy, tendon repair, skin graft and hemorrhoidectomy. We have been able to diagnose and effectively treat malignancy as well.

The Surgery Department at District Hospital Sankhuwasabha in the rural setting is dedicated to providing a wide range of surgical services in a homely and supportive environment. Despite its location and constrained resources, the department is able to provided indoor, outdoor, endoscopic and surgical (elective and emergency) services.

Our team consists of one anesthesiologist (government scholarship bond), two anesthesia assistant, and two surgeons (government reviving the surgical service). We have OT trained sisters (indoor) and one attendant regularly adding to our job. We also have an equipped ICU with a great team providing quality care.

**General Surgery Procedures**: Our skilled surgical team in Hospital excels in management of patients as required as well as performing essential general surgery procedures in a resource limited setting. These include laparotomy, a surgical method involving an incision in the abdominal wall to treat various abdominal conditions.

We have been providing surgical OPD service five days a week.

In conclusion, the Surgery Department in our hospital provides a comprehensive range of surgical services. Despite its rural setting, the department maintains a homely and supportive environment for its team members and patients. The Surgery Department takes pride in fostering a homely and welcoming environment for its team and patients. The hospital's close-knit community and supportive staff create a comfortable atmosphere, encouraging surgeons to deliver their best work and build strong relationships with their patients. We are equipped with basic instruments sufficient to carry out regular general surgical procedures. Despite of it, we are not able to provide our full range of services due to logistical,

diagnostic and physical constraints, Laparoscopic surgery service has recently been introduced at the hospital, expanding access to modern, minimally invasive surgical care. Postoperative monitoring and follow-up services are also provided as required.

| Table No 1 General Surgery Done in Last Fiscal Year 2082/83 | |
|---|---|
| General Surgery | Number of Surgery |
| Appendectomy | 64 |
| Cholecystectomy | 2 |
| Hernia Repair | 35 |
| Hydrocele | 0 |
| Haemorroid Correction | 0 |
| Laparatomy | 1 |
| Nephrolithotomy | 0 |
| Others - General Surgery | 67 |




CHART NO. 10: General Surgery OPD Visit for Last 3 FY

Gender Wise Distribution of General Surgery OPD visit for last FY




CHART NO. 11: Gender Wise Distribution of General Surgery OPD visit for last FY

## २.५ एनेस्थेसिया तथा सघन उपचार सेवा




संखुवासभा जिल्लाको एकमात्र रेफरल सेन्टरको भूमिका निर्वाह गरिरहेको यस अस्पतालले सेवा विस्तार गर्ने क्रममा वि सं २०८० देखि विशेषज्ञ चिकित्सकद्वारा Anesthesiology, Intensive Care and Pain Medicine विभागको स्थापना भएको थियो। यस विभागको

माध्यमबाट धेरै जना बिरामीहरुलाई शल्यक्रियामा पुर्ण वा अर्धबेहोस बनाई, दुखाई हुन नदिई शल्यचिकित्सक तथा बिरामी दुवैलाई सहज भएको छ। Caesarean section, orthopaedic surgery र अरु minor surgery हरुमा यस विभागले बिरामीको स्वास्थ्य अवस्था हेरी विभिन्न प्रकारको एनेस्थेसिया दिई शल्यक्रिया सफल पार्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। शल्यक्रियामा बिरामीहरु तथा सर्जनलाई सहज बनाउन एनेस्थेसिया विभागमा एनेस्थेसियोलोजिष्ट डा. प्रियन्का दाहाल (Government scholarship bond), एनेस्थेसिया सहायक प्रल्हाद राजबंशी र सारंगा लिम्बु हुनुहुन्छ ।

**Table 2: Anaesthesia Services Provided in FY 082/83**

| | |
|---|---|
| Spinal | 384 |
| Block | 198 |
| IVA | 117 |
| GA under Anaesthesia Machine | 12 |
| Total | 711 |

## सघन उपचार सेवा- ICU





निश्चित स्रोत, साधन र स्थानको बावजुत पनि हाल यस संखुवासभा जिल्ला अस्पतालमा २ Adult ICU Bed, २ Paediatric ICU, २ NICU Bed र ५ SNCU bed गरी कुल ११ बेडको ICU/SNCU सेवा सञ्चालन भइरहेको छ। यहाँको स्रोत साधन र मानव शक्तिले भ्याएसम्म जटिल बिरामीहरुलाई ICU सेवाको लागि तराई, काठमाडौं धाउनु पर्ने बाध्यता कम भएको छ। आई.सी.यू. तथा NICU/SNCU मा Dr. Priyanka Dahal Dr. Manoj Dhamala, Dr. Pooja Subedy र नर्सहरु मनीषा चौधरी, ममता चौधरी, सरस्वति राइ, ऋतु देब, सलिना कुमाल र एच. ए जितेन्द्र चौधरी को टिमलाइ नर्स रचना राईले लिड गरि सेवा प्रदान गरिरहेको छ।



जिल्ला गौतहटमा सञ्चालनमा रहेको एकमात्र चिनी उद्योग बाबा बैजुनाथ सुगर एण्ड केमिकल्समा मात्र उखु बिक्री गर्न बाध्य

हो। एमाले नेता शिवपुजन यादवले पनि किसानको हक-अधिकारमाथि उद्योगीहरूले हस्तक्षेप गर्न नपाउने बताए। वडाध्यक्ष राकेश यादव

**सात महिनामै जन्मिएको कम तौलका शिशुको सफल उपचार**

## २.६ मुख तथा दन्तरोग सेवा



District hospital Sankhuwasabha is one of the best government hospitals of Koshi Province. The dental department of this hospital extends our gratitude and felicitation to all the staff of this hospital. Though this hospital was established in 2033 B.S., Dental Services began only 8 years ago. Services provided in the initial days were limited due to lack of proper infrastructure and manpower. People at that time were also unaware about this service. But, in recent days, Dental OPD is well equipped with two dental chairs, ultrasonic scaler, endomotor, micromotor, etc. with a good environment to work with.

The dental department would like to thank our Medical Superintendent and the Chairperson of the hospital management committee for providing all the necessities and believing in us. Our patients seem very happy with the services provided by this department. This hospital is now becoming the center for treating patients with dental issues across Sankhuwasabha as well as neighbouring district Bhojpur.

With the formulation of insurance policy by the government, we have been able to provide dental service to a lot of patients with minimal cost. The patient flow has remarkably increased with an average count of 20-25 per day.

Despite having limited resources in this rural setting, we have been providing various elective dental procedures like extraction of mobile, grossly decayed tooth, preventive and conservative approach for filling and restoration of carious teeth, RCT, periodontal scaling as well as paediatric dental procedures. Our dental team has also been providing emergency oral and maxillofacial trauma cases management. Our dental service has been benefitted with the availability of X-ray (IOPA), which has helped us in making the final diagnosis, and choosing the best treatment option for the patient.



Recently our dental service has been extended with prosthodontics service which includes Removable Partial Denture, Complete Denture and Fixed Partial Denture.

# INFOGRAPHICS




CHART No. 12: Dental OPD Visit of Last 3 FY




CHART NO. 13: Genderwise  Dental OPD visit for FY 2082/83

## २.७ आकस्मिक सेवा

राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भन्ने मान्यता अनुसार स्थापना भएको आकस्मिक सेवा जिल्ला अस्पताल संखुवासभामा अस्पतालको स्थापनाकाल देखिनै हालसम्म अनवरत रुपमा सञ्चालनमा रहेको छ ।

यस शाखामा १३ जना पारामेडिक्स तथा ४ जना कार्यालय सहयोगी गरी जम्मा १८ जना जनशक्तिबाट सेवा दिईरहेको अवस्था छ ।




हालै यस अस्पतालको नवनिर्मित ५० शैयाको  अस्पताल हस्तान्तरण भएको र ६ बेड भएको रेड जोनको बेड संख्या सहित १६ बेड संख्या संचालनमा रहेको साथै १ माईनर शल्यक्रिया कक्ष समेत रहेको छ।

आकस्मिक विभागलाई समय सापेक्ष विकास गर्दै लाने र सेवाग्राहीलाई गुणस्तरीय आकस्मिक स्वास्थ्य सेवा दिने उदेश्यका साथ अत्याधुनिक औजार उपकरण Patient Monitor, Suction Machine, ABG Machine, Defibrillator, Oxygen Concentrator, ECG machine आदिको व्यवस्थापन गरी सेवा दिईरहेको छ। आकस्मिक विभागको सबै बेडहरुमा अक्सिजन पाईपलाईनको व्यवस्था शुद्ध खानेपानीको व्यवस्था महिला पुरुष तथा फरक क्षमता भएका बिरामीको लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था बिरामीको गोपनियता कायम गर्न स्क्रिन पार्टेशन गरिएको सुरक्षाको दृष्टिकोणबाट हेर्दा २४सै घण्टा निगरानी गर्न सि सि टिभीको व्यवस्था आकस्मिक आलार्म तथा अन्य विभागसँग समन्वयन गर्न ईन्टरकमको समेत जडान भै चालु अवस्थामा रहेको छ।



यस अस्पतालको आकस्मिक विभागमा विभिन्न प्रकारको विपदको समयमा समेत सहज र गुणस्तरिय सेवा संचालन गर्ने विपद व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गरिएको छ। साथै विपतको समयमा एकै पटक ७० जना भन्दा बढी बिरामीलाई सेवा दिन आवश्यक औषधी तथा उपचारजन्य सामाग्रीको मोज्दात औजार उपकरणको व्यवस्था अन्य आवश्यक सामाग्रीको समेत व्यवस्थापन गरिएको छ।

यस अस्पतालको आकस्मिक विभागबाट आब २०८२/८३ मा सेवा लिने सेवाग्राहीको संख्या १०१६८ रहेको छ। यस विभागबाट दैनिक २५ जना नयाँ बिरामीको परिक्षण निदान उपचार तथा परामर्श सेवा प्रदान गरिदै आएको छ। साथै आकस्मिक विभागमा प्रत्येक अर्धवार्षिक रुपमा गरिने न्युनतम सेवा मापदण्डको लेखाजोखामा क्रमश बृद्धी हुदै गएको र यसलाई बृद्धी गर्दै ९५ प्रतिशत भन्दा बढी अंक प्राप्त गर्ने लक्ष्य रहेको छ।



जिल्ला अस्पतालको आकस्मिक शाखाबाट प्रदान गरिने सेवामा एकरुपता कायम गर्न नेपाल सरकारबाट जारी गरिएको उपचार प्रोटोकल र यस अस्पतालमा कार्यरत चिकित्सकहरुको टिमद्वारा निर्माण गरिएको उपचार प्रोटोकल निर्माण गरि लागु गरिएको अवस्था छ । साथै यस शाखाबाट प्रदान गरिने सेवालाई छिटो, छरितो र गुणस्तरीय बनाउन विहान र बेलुका २ पटक विषेशज्ञ चिकित्सक सहितको टिमबाट राउण्ड गर्ने र जुनसुकै बेला OnCall मेडिकल अफिसरसँग आकस्मिक कक्षको सिधा सम्पर्क हुने गरी छुट्टै मोवाईल नं. र म्यासेन्जर ग्रुप निर्माण गरी प्रयोगमा ल्याएको छ। यस शाखाबाट प्रदान गरिएका सेवालाई इलेक्ट्रोनिक मेडिकल रेकर्ड सिस्टममा प्रविष्ट गरिएको छ ।






CHART NO 14: Emergency Visit of Last 3 FY




CHART NO. : 15 Gender Distribution of Emergency Visit of FY 2082/83

# २.८ अन्तरङ्ग सेवा

सुरुवाती चरणमा यस अन्तरंग कक्षमा सामान्य प्रकारका बिरामी भर्ना तथा सामान्य प्रशिक्षण सेवा मात्र प्रदान गरिदै आइरहेकोमा विक्रम संवत् २०६२ सालदेखि निशुल्क यातायात खर्च सहितको प्रसुति सेवा लागू भए पश्चात सेवाग्राहीको संख्या उल्लेखनीय रुपमा वृद्धि भएको छ । संखुवासभा जिल्लाका विभिन्न पालिकाहरु सहित भोजपुर जिल्लाका बिरामीहरूको पनि उपचार केन्द्र रहेको यस अस्पतालमा विक्रम संवत् २०६६ सालदेखि निःशुल्क शल्यक्रियाद्वारा प्रसूति सेवा प्रदान गर्न थालिएको हो ।



यस अस्पतालले आफ्नो स्थापनाकाल देखि १५ बेड क्षमताको विभिन्न सेवाहरु दिदै आएको र वि सं २०७४ सालमा ५० बेड क्षमता भएको यस अस्पतालमा अन्तरंग विभाग अन्तर्गत प्रसुती वार्ड मा ११,एम.सी.एच मा २ जना , सघन उपचार कक्षमा ७ जना, जेनरल वार्डमा १० जना र शल्यक्रिया कक्षमा ३ जना गरि ३३ जना नर्सिङ कर्मचारीहरु सेवारत छन् जसलाई मेट्रोन ब.न अ आठौं तह सुमित्रा सापकोटाले लिड गर्नुहुन्छ ।

पुरानो भवनमा सबै अन्तरंग विभागलाइ एकै स्थान र एकै व्यक्ति बाट संचालित झन्झटिलो व्यवस्थापन प्रक्रियालाई हटाउदै सबै विभागको व्यवस्थापन चुस्त दुरुस्त होस् भन्ने उदेश्य राखी प्रशासनबाट मेट्रोन को जिम्मेवारी प्रदान गरि मेट्रोनकै नेतृत्वमा अन्तरंग बिभाग अन्तर्गतको



सम्पूर्ण वार्डमा विभागीय इन्चार्ज तोकी गुणस्तरीय  सेवा  प्रदान गर्नको लागि  तत्पर यो विभागले महत्पवपुर्ण भूमिका खेलेको छ ।

समयक्रम संगै यस अस्पतालको क्षमता वृद्धि भई वि.सं. २०७४ देखि ५० वेड भएको छ भने सेवा सुविधामा पनि निकै परिवर्तन भएको छ । एक नर्सिङ अधिकृत, छ स्टाफ नर्स र छ अ.न.मी को दरबन्दी भएता पनि स्वीकृत दरबन्दी पूर्ण भएपनि नर्सिंग जनशक्ति अपुग भएकोले विभिन्न कार्यक्रमहरूबाट करारमा नर्सिङ कर्मचारीहरू (स्टाफ नर्स, अ.न.मी) पदपूर्ति गरि सेवा सुचारु छ भइरहेको छ।

सुरुमा CEONC (Comprehensive Emergency Obstetric & Neonatal Care) सेवाको लागि नेपाल सरकारबाट बजेट विनियोजन भई कर्मचारीहरु (Doctor/ Surgeon, Nurse, Anaesthesia Assistant) करारमा लिएर सेवा प्रदान गर्दै आइरहेकोमा NSI को MDGP सहितको ६ जना को शल्यक्रिया को टिमबाट CEONC सेवा निरन्तर रुपमा वर्षै भरी सञ्चालनमा रहेको छ। दुइ जना स्त्री तथा प्रसुती रोग बिशेसज्ञ, एक जना ASBA मेडिकल अधिकृत  र ११ जनाको दक्ष नरसिंग जनशक्तिको टिमले प्रसुती शल्यक्रिया, जटिल शल्यक्रिया जस्तै नलीको गर्भ को शल्यक्रिया ४ वटा ,VH सर्जरी १५ वटा यस आर्थिक बर्ष मा प्रदान गर्ने जस्ता कार्यहरु संचालन भैरहेका छन्  । आ.व. २०७८/७९ देखि आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रसुती प्रशिक्षालयको पनि व्यवस्था गरिएको छ र हाल यसको क्षमता ५ वेड को रहेको छ। प्रसुती विभाग र यसको  जनशक्तिलाई ब.अ.न.नि. श्री सुधा घिमिरे ले व्यवस्थापन गर्नुहुन्छा

त्यसैगरी MCH Clinic बाट निरन्तर रुपमा Visual inspection of the cervix with acetic acid (VIA) जाँच ,थर्मोकोगुलेशन सेवा ,गर्भपतन सेवा ,परिवार नियोजन सेवा पनि नर्सिङ कर्मचारीहरुद्वारा भइरहेको छ । त्यसैगरी १२  हप्तासम्म सुरक्षित गर्भपतन सेवा पनि यस अस्पतालले प्रदान गर्दै आएको छ र वि. सं. २०७३ सालदेखि यो सेवा पनि निःशुल्क प्रदान गरिँदै आएको छ। Maternal anad child health अन्तर्गतको शाखा लाइ अ.न.नि. श्री सुप्रभा श्रेष्ठले  व्यवस्थापन गर्नुहुन्छ ।

वि.सं. २०७६ चैत महिनादेखि सुरु भएको कोभिड संक्रमणको विश्वव्यापी महामारीमा यस अस्पतालले १२० वेड क्षमताको आइसोलेसन वार्ड निर्माण गरी सेवा प्रदान गरेको समयमा नर्सिङ कर्मचारीहरुले अहोरात्र खटि COVID संक्रमण बिरामीहरुलाई उपचार तथा प्रसुति सेवा प्रदान गरेका थिए। उक्त समयमा यस अस्पतालका अरुण तेस्रो हाइड्रोपावरबाट भेन्टिलेटर तथा अन्य आवश्यक औषधि, औजार /उपकरणहरु साथै विभिन्न गैरसरकारी संस्था (NSI, One Heart World-wide, Redcross, Sodec, CUNINA) हरुले पनि सहयोग गरेका थिए ।

यस अस्पतालमा वि. सं. २०७८ साल देखि २ वेड क्षमताको ICU र २ बेड क्षमताको NICU सञ्चालनमा रहेकोमा हालै नवनिर्मित भवनमा सेवा बिस्तार भई २ बेड क्षमताको Adult ICU, २ बेड क्षमताको PICU, २ बेड क्षमताको NICU गरी जम्मा ६  बेड क्षमताको सघन उपचार कक्ष संचालनमा

आएको छ, जसको कारणले जटिल प्रकारका बिरामीहरुले पनि सेवा पाइरहेका छन् र अन्यत्र प्रेषण गर्ने क्रम कम भएको छ। त्यसै गरि ५ बेडको SNCU कक्ष मा नवजात शिशु को पनि उपचार भैरहेको छ ।ICU/SNCU अन्तर्गतको शाखालाई स्टाफ नर्स रचना राई ले व्यवस्थापन गर्नुहुन्छ।

२०८२ अषाढ ९ गते हस्तान्तरण पश्चात आ व २०८२/८३ को श्रावण १२ गतेबाट नवनिर्मित भवनबाट २८ बेड क्षमताको जेनरल वार्ड संचालन छ जसमा Male-8, Female-8 ,Paedriatric- 4 , Burn-2 , Geriatric-2 , Tropical Disease-2 , Cabin-2 रहेको छ। जस अन्तर्गतको शाखालाई अ.न.नि.लक्ष्मी सापकोटाले व्यवस्थापन गर्नुहुन्छ। हामीसंग भएको २ बेडको major शल्यक्रिया शाखालाई स्टाफ नर्स दिपा कालाखेतीले व्यवस्थापन गर्नुहुन्छ ।

## हेमोडायलाइसिस सेवा



मिर्गौला रोगबाट पीडित बिरामीहरूको उपचारमा महत्वपूर्ण योगदान पुऱ्याउने उद्देश्यले अस्पतालमा ५ शैयाको हेमोडायलाइसिस सेवा नेपाल सरकार ,अस्पताल व्यवस्थापन समिति तथा स्थानीय सरकारको थप आर्थिक सहयोग र सहकार्यबाट जिल्ला अस्पताल संखुवासभामा मिति २०८२ चैत्र १५ गतेदेखि शुल्कमा हेमोडायलाइसिस सेवा सञ्चालनमा ल्याउन सफल भएको छ। यस सेवाको सुरुवातसँगै जिल्लामै मिर्गौला रोगका बिरामीलाई नियमित र सहज रूपमा हेमोडायलाइसिस सेवा उपलब्ध गराउने महत्वपूर्ण उपलब्धि हासिल भएको छ।

हालसम्म अस्पतालबाट ६ जना बिरामीले हेमोडायलाइसिस सेवा लिईसकेको र ३ जना बिरामीले नियमित रूपमा निरन्तर सेवा लिइरहेका छन्। सेवा सञ्चालनका लागि ३ जना तालिमप्राप्त नर्सिङ जनशक्ति तथा २ जना तालिमप्राप्त चिकित्सकको समर्पित टोलीबाट सञ्चालन भइरहेको यस सेवाले जिल्लामै नियमित तथा गुणस्तरीय डायलाइसिस सेवा प्राप्त गर्ने अवसरलाई थप सहज बनाएको छ। । यस सेवाको सुरुवातसँगै मिर्गौला रोगीहरूलाई उपचारका लागि टाढा जानुपर्ने बाध्यता कम हुनुका साथै अस्पतालको विशिष्टीकृत स्वास्थ्य सेवाको दायरा समेत थप विस्तार भएको छ। आवश्यक जनशक्ति, उपकरण तथा पूर्वाधारको व्यवस्थापनमार्फत सेवा सुरक्षित, प्रभावकारी र निरन्तर रूपमा प्रदान गर्ने प्रयास भइरहेको छ। यस सेवा लाइ डा मनोज धमला र स्टाफ नर्स अनिसा पन्तले व्यवस्थापन गर्नुहुन्छ।

**तालिमको व्यवस्था:**

अस्पतालमा सञ्चालित कार्यक्रमहरूको आधारमा नर्सिङ कर्मचारीहरुले निम्न लिखित विभिन्न प्रकारका तालिम प्राप्त गरेका छन्।

| तालिम | संख्या |
|---|---|
| SBA | 9 |
| OTTM | 7 |
| SAS(MA/MVA) | 5 |
| Critical care training | 3 |
| Psychosocial counseling | **1** |
| Onsite coaching & mentoring (SBA) | 7 |
| Infection prevention | सबै |
| OCMC | 3 |
| Geriatric nursing | 1 |
| SNCU | all |
| IUCD insertion & removal | 3 |
| Implant insertion & removal | 4 |
| PPH management (virtual) | 7 |
| COVID management (virtual) | 5 |
| MNH Mentorship | 2 |
| Palliative care/Hospice care | 1 |
| Breast feeding counseling | 3 |
| Burn managemnet | 2 |
| Clinical audit | 1 |
| Hemodialysis | 3 |
| BLS training | सबै |

Table 3.: Total training received by medical personnels

बेड संख्या निम्नानुसार छन्

- General bed -28
- Ob-gyn -16
- ICU-7
- SNCU-5
- Post-up- 8

यस अस्पतालको अन्तरंग बिभाग अन्तर्गत निम्न सेवाहरु रहेका छन्

- बिरामी भर्ना
- प्रसुती सेवा
- सुरक्षित गर्भपतन
- शल्यक्रियाद्वारा प्रसुती सेवा
- ICU /NICU/SNCU
- OCMC सेवा
- MCH सेवा

## अवसर तथा चुनौतिहरु:

१५ बेड क्षमताबाट ५० बेड क्षमतामा स्तरवृद्धि पश्चात विभिन्न प्रकारका थप विशिष्टिकृत सेवाहरु प्रदान गर्दा नयाँ प्रविधि र विशिष्टीकृत सेवामा निरन्तर ज्ञान तथा सीप अद्यावधिक गर्नु, २४ घण्टा गुणस्तरीय सेवा सुनिश्चित गर्नु र सीमित जनशक्तिबाट बढ्दो बिरामीको चाप व्यवस्थापन गर्नु नर्सिङ सेवाका प्रमुख चुनौतीहरू हुन्। विभिन्न विभागमा सेवा विस्तार भइरहँदा नर्सिङ जनशक्तिको पर्याप्तता, नियमित तालिम तथा सीप अभिवृद्धि, कर्मचारीको मनोबल तथा निरन्तर व्यावसायिक विकासलाइ प्राथमिकतामा राख्नु अपरिहार्य भएको छ ।




CHART NO. 16: Pattern of InPatient Service of Last 3 FY

# २.९ प्रयोगशाला सेवा

यस अस्पतालमा विगत लामो समय देखि २४ घण्टा नै प्रयोगशाला सेवा संचालनमा रहेको छ। यस सेवालाई छिटो, छरितो, गुणस्तरीय, जनपक्षिय, व्यवस्थित तथा विश्वसनिय बनाउन प्रयोगशालाका विभिन्न पक्षहरुमा सुदृढिकरण तथा आधुनिकरण हुदै गएको छ । अस्पतालमा प्रयोगशाला सेवा चिकित्सकिय पदतिको मेरुदण्ड भएकोले अस्पतालको विकास संगसंगै प्रयोगशाला सेवाको विकास हुदै गएको छ ।






प्रयोगशालामा नेपाल सरकार, प्रदेश करार, अस्पताल विकास समिति लगायत विभिन्न स्रोतबाट लगभग १३ जना लामो अनुभव हासिल गरेका ८ जना ल्याब टेक्निसियनहरु, ४ जना ल्याब असिस्टेण्टहरु र १ जना कार्यालय सहयोगीले सेवा प्रदान गर्दै आएको अवस्था छ । यस अस्पतालमा प्रयोगशाला परिक्षणका लागि विश्वस्तरीय आधुनिक उपकरणहरु प्रयोग भएका छन् साथै सम्पूर्ण परिक्षणहरुको नतिजा कम्प्युटराइज प्रविधिवाट प्रदान गरिने गरेको छ । प्रयोगशालाको नतिजाको गुणस्तरीयता मापनको लागी दैनिक आन्तरिक गुणस्तरीयता मापन तथा चौमासिक रुपमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला समक्ष वाह्य गुणस्तरीयता अनुगमन कार्य भएरहेको छ। प्रयोगशालाले बिरामीको सहजताको लागी यथासिघ्र नतिजा प्रदान गर्नको लागि हरदम प्रयास गरि आकस्मीक सेवाका विरामीहरुको रिपोर्ट दुई घण्टाभित्र तथा दैनिक ओ.पी.डीका रिपोर्टहरु ३ बजे भित्र वितरण भई आएको छ।

विशेषज्ञ सेवा विस्तार संगै प्रयोगशालामा पनि विभिन्न विशेष आधुनिक उपकरणहरुबाट विशेष प्रकारका परीक्षणहरु सुचारु भएका छन्। प्रयोगशालामा Fully automated haematology analyzer, Fully automated biochemistry analyzer, CLIA, Automated blood culture system, Gene Expert, Biosafety Cabinet, Electrolyte Analyzer, etc. लगायतका विश्वसनीय उपकरणहरु रहेका छन्। यस अस्पतालमा विगतका आ.व हरुलाई तुलनात्मक रुपमा हेर्दा पनि यस गएको छ ।

प्रयोगशालामा सेवा विस्तार तथा गुणस्तरीयता अभिवृद्धिको लागी अस्पताल परिवार तथा अ.व्य.स लागि नै परिरहेको छ।




CHART No.17: Section Wise Lab Test Report In FY 2082/83

Table No.3: Average number of laboratory tests per day at hospital last 3 FY

| **Period** | **Average number of laboratory tests per day at hospital** |
|---|---|
| 2080/81 | 76.16 |
| 2081/82 | 79.66 |
| 2082/83 | 87.29 |

TABLE No. 4: Lab Test Performed in FY 2082/83

| SNo | Variables | Count | Percent |
|---|---|---|---|
| 1 | Acetone (Urine) | 238 | 0.05 |
| 2 | AFB Stain | 415 | 0.09 |
| 3 | Albumin (Fluid) | 7 | 0 |
| 4 | Albumin (Serum) | 9217 | 1.97 |
| 5 | Albumin (Urine) | 1 | 0 |
| 6 | Alkaline Phosphatase (ALP) | 9305 | 1.99 |
| 7 | Amylase (Serum) | 1169 | 0.25 |
| 8 | AMYLASE SERUM (HI) | 64 | 0.01 |
| 9 | Anti-HBs | 210 | 0.04 |
| 10 | Antistreptolysin O (ASO) Titre | 45 | 0.01 |
| 11 | Anti–Cyclic Citrullinated protein (Anti-CCP) | 290 | 0.06 |
| 12 | ASO TITRE (HI83) | 3 | 0 |
| 13 | BETA HCG (HI83) | 6 | 0 |
| 14 | Beta-Human Chorionic Gonadotropin (BHCG) | 171 | 0.04 |
| 15 | Bilirubin Direct | 9559 | 2.04 |
| 16 | Bilirubin Total | 9569 | 2.05 |
| 17 | Bleeding Time | 86 | 0.02 |
| 18 | Blood Grouping Rh Typing | 4749 | 1.02 |
| 19 | C-Reactive Protein (CRP) | 9485 | 2.03 |
| 20 | Calcium (Serum) | 2318 | 0.5 |
| 21 | Cavity Fluid Analysis | 41 | 0.01 |
| 22 | Chemical Examation Stool | 25 | 0.01 |
| 23 | Cholesterol Total | 730 | 0.16 |
| 24 | Clotting Time | 82 | 0.02 |
| 25 | Creatine Kinase-MB (CK-MB) | 640 | 0.14 |
| 26 | Creatinine (Serum) | 16805 | 3.6 |
| 27 | CRP LATEX (HI83) | 1 | 0 |
| 28 | CRP Titer | 2 | 0 |
| 29 | Culture & Sensitivity | 552 | 0.12 |
| 30 | Dengue | 4479 | 0.96 |
| 31 | Differential Leukocytes Count | 2052 | 0.44 |
| 32 | Differential Leukocytes Count (Blood) | 18844 | 4.03 |
| 33 | Differential Leukocytes count (fluid) | 8 | 0 |
| 34 | Erythrocyte Sedimentation Rate (ESR) | 2222 | 0.48 |
| 35 | Ferritin | 126 | 0.03 |
| 36 | Follicle-Stimulating Hormone (FSH) | 61 | 0.01 |
| 37 | Free Thyroxine (FT4) | 5299 | 1.13 |
| 38 | Free Triiodothyronine (FT3) | 5299 | 1.13 |
| 39 | Gene expert | 10 | 0 |

| | | | |
|---|---|---|---|
| 40 | Glucose (Fluid) | 7 | 0 |
| 41 | Glucose 1Hr PP (Blood) | 36 | 0.01 |
| 42 | Glucose 2Hr PP | 36 | 0.01 |
| 43 | Glucose 3Hr PP (Blood) | 36 | 0.01 |
| 44 | Glucose Challenge Test (GCT) | 289 | 0.06 |
| 45 | Glucose Fasting (Blood) | 3228 | 0.69 |
| 46 | Glucose PP (Blood) | 3067 | 0.66 |
| 47 | Glucose Random (Blood) | 18147 | 3.88 |
| 48 | Grams Stain | 2 | 0 |
| 49 | Haemoglobin | 22518 | 4.82 |
| 50 | HB (HI83) | 1 | 0 |
| 51 | HbA1C | 2295 | 0.49 |
| 52 | HBs Ag Test (HI83) | 17 | 0 |
| 53 | HBsAg | 6557 | 1.4 |
| 54 | HBsAg (Spot test) | 47 | 0.01 |
| 55 | HCV | 6730 | 1.44 |
| 56 | HDL - Cholesterol | 721 | 0.15 |
| 57 | Helicobacter Pylori | 2210 | 0.47 |
| 58 | HIV | 6773 | 1.45 |
| 59 | HIV 1& 2 (Spot Test) | 2 | 0 |
| 60 | INR | 3655 | 0.78 |
| 61 | Ketones (Urine) | 4 | 0 |
| 62 | LDL - Cholesterol | 713 | 0.15 |
| 63 | Lipid Profile | 2094 | 0.45 |
| 64 | Luteinizing Hormone (LH) | 41 | 0.01 |
| 65 | Malaria Parasite | 128 | 0.03 |
| 66 | Malaria Rapid | 7 | 0 |
| 67 | Mantoux Test | 20 | 0 |
| 68 | Mean Cell Haemoglobin (MCH) | 20769 | 4.44 |
| 69 | Mean Cell Haemoglobin Concentration (MCHC) | 20766 | 4.44 |
| 70 | Mean Cell Volume (MCV) | 20768 | 4.44 |
| 71 | Microscopic Examination Stool | 793 | 0.17 |
| 72 | Occult Blood | 97 | 0.02 |
| 73 | Packed Cell Volume/ Haematocrit | 20815 | 4.45 |
| 74 | Physical Examination Stool | 794 | 0.17 |
| 75 | Platelet Count | 2071 | 0.44 |
| 76 | Platelets Count | 19608 | 4.19 |
| 77 | Potassium (Serum) | 14335 | 3.07 |
| 78 | Pregnancy Test (Immunochromatographic ) | 3790 | 0.81 |
| 79 | Prolactin | 106 | 0.02 |
| 80 | Prostatic specific antigen (PSA) | 50 | 0.01 |
| 81 | Protein (Fluid) | 1 | 0 |
| 82 | Protein (Pleural) | 1 | 0 |
| 83 | Prothrombin Time (PT) | 4052 | 0.87 |
| 84 | RA factor | 1207 | 0.26 |

| | | | |
|---|---|---|---|
| 85 | RBC Count (Blood) | 20770 | 4.44 |
| 86 | RBC Morphology Commen | 1 | 0 |
| 87 | RK39 | 55 | 0.01 |
| 88 | Scrub Typhus | 1900 | 0.41 |
| 89 | Semen Analysis | 10 | 0 |
| 90 | Serum Glutamic Pyruvic Transaminase (SGPT) | 9852 | 2.11 |
| 91 | Serum Glutamic-Oxaloacetic Transaminase (SGOT) | 9835 | 2.1 |
| 92 | Sexual Assault Smear Examination | 1 | 0 |
| 93 | SGOT/SGPT (HI83) | 33 | 0.01 |
| 94 | Sodium (Serum) | 14341 | 3.07 |
| 95 | Thyroid-Stimulating Hormone (TSH) | 6515 | 1.39 |
| 96 | TOTAL BILLIRUBIN (HI83 | 1 | 0 |
| 97 | Total Lecucocytes Counts (Fluid) | 7 | 0 |
| 98 | Total Leukocytes Counts (Blood) | 20935 | 4.48 |
| 99 | TOTAL PROSTRATE SPECIFIC ANTIGEN (TPSA) (HI83) | 1 | 0 |
| 100 | Total Protein (Fluid) | 4 | 0 |
| 101 | Total Protein (Serum) | 9091 | 1.94 |
| 102 | TPHA | 1008 | 0.22 |
| 103 | Triglyceride | 734 | 0.16 |
| 104 | TROPONIN I QUALITATIVE (HI83) | 21 | 0 |
| 105 | Troponin I | 669 | 0.14 |
| 106 | Urea (Blood) | 16625 | 3.56 |
| 107 | Uric Acid | 2861 | 0.61 |
| 108 | Urine Routine Examination | 17964 | 3.84 |
| 109 | VDRL | 5962 | 1.28 |
| 110 | Vibrio Cholerae | 4 | 0 |
| 111 | Vitamin B12 | 491 | 0.11 |
| 112 | Vitamin D | 1782 | 0.38 |
| 113 | VLDL | 712 | 0.15 |
| 114 | Widal Test | 1679 | 0.36 |
| | ToTAL | 467453 | 100 |
| | | | |
| | | | |

# २.१० रेडियोलोजी सेवा



Radiology is the branch of science that uses different imaging modalities like X-ray, fluoroscopy, computed tomography, magnetic resonance imaging, USG and more to diagnose diseases and guide their treatment. Radiology plays a vital role in providing the needed information to determine the type of care a patient needs.

In District Hospital Sankhuwasabha, the radiology services was started in 2045 BS. Since then it has been providing quality services to the people of Sankhuwasabha and its neighboring district.

During its initial days the X-ray film processing was done manually in darkroom but now the service has been upgraded to the latest Digital Radiography (DR) system which is capable of producing quality images in a short period of time.

Our radiology department is led by radiologist Dr. Keshav Poudel including radiographer Bhola Kumar Thapa, Kamal Karki and 2 office assistants.

Our services include X-ray, ECG, USG services (abdomen and pelvis, thyroid scan, obstetrics scan including anomaly scan), and basic Echocardiography screening services. The hospital provides 24 hours radiology services to the people.

Our hospital has planned further to expand its spectrum of services. Introduction of CT scan services has been kept as the one of the prime goals to be achieved in the coming year. With limited resources, we have worked through all the hurdles and come this far.




CHART NO. 18: Pattern of USG and X-Ray of Last 3 FY

## २.११ फार्मेसी सेवा

**नेपालमा अस्पताल फार्मेसीको संक्षिप्त सैद्धान्तिक पृष्ठभूमि :**

अस्पताल फार्मेसी भन्नाले कानूनी रुपमा योग्य, व्यवसायिक रुपमा सक्षम तथा नेपाल फार्मेसी परिषदमा दर्ता भएका फर्मासिस्ट तथा फार्मेसी सहायकद्वारा कुशल फार्मेसी अभ्यास (Good Pharmacy Practice) अनुकूल हुने गरी औषधि तथा औषधि जन्य सामग्रीहरुको खरिद, भण्डारण, गुणस्तर आश्वाशन, मौज्दात व्यवस्थापन, कम्पाउन्डिङ, उत्पादन, प्याकेजिङ्ग, बिक्रि-वितरण, औषधि उपचार व्यवस्थापन, परामर्श र औषधिको निगरानी गरी अस्पतालमा भर्ना भएका वा एम्बुलेटरी बिरामीहरूलाई सेवा प्रदान गर्ने अस्पतालको एक महत्वपूर्ण बिभाग हो ।

नेपालमा अस्पताल फार्मेसी सेवाको शुरुवात सन् १९५६ मा शान्ताभवन अस्पताल (हालः पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान, पाटन अस्पताल, लगनखेल) बाट भएको इतिहास छ । गत शताब्दीको सत्तरी र अस्सीको दशकतिर हाम्रो देशमा रहेका सरकारी अस्पतालहरुबाट कफ मिश्रण, कार्मिनेटिभ मिश्रण, सल्फर मलम, जेन्सियन वायलेट झोल आदि जस्ता बाह्य तयारीहरु (Extemporaneous preparations) सहायक स्वास्थ्यकर्मीबाट वितरण गरिन्थ्यो; त्यतिबेला फर्मासिस्ट वा फार्मेसी सहायक थिएनन् । बि.स. २०३६ सालमा पहिलो पटक स्वास्थ्य मन्त्रलायले मेची अंचल अस्पताल, भद्रपुर र महेन्द्र अस्पताल भरतपुरमा दुई वटा सहायक फर्मासिस्ट पदको दरबन्दी सिर्जना गरेको पाइन्छ । हाल देशमा रहेका प्रायः जसो केन्द्रिय अस्पताल, शिक्षण अस्पताल, प्रादेशिक तथा जिल्ला अस्पतालहरुले दक्ष फार्मेसी जनशक्ति मार्फत अस्पताल फार्मेसी सन्चालन गर्दै आइरहेको अवस्था छ ।

**जिल्ला अस्पताल संखुवासभा**

**फार्मेसीको स्थापना र हालको अवस्था** : स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुचँ सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत आफ्नै फार्मेसी सेवा सञ्चालन गरी बिरामी एवम् सेवाग्राहीहरुलाई सुलभ एवम् गुणस्तरीय सेवा पुर्याउन सुशासन व्यवस्थापन तथा संचालन ऐन २०६४ को दफा ४५ को अधिकार प्रयोग गरी नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ बमोजिम जिल्ला अस्पताल संखुवासभा, खाँदबारीमा इति सम्बत् २०७३ साल पौष १८ गते रोज २ शुभम् मा २४ सै घण्टा फार्मेसी सेवाको माननीय स्वास्थ्य राज्यमन्त्री श्री तारामान गुरुङ ज्यूबाट सामुदघाटन सु-सम्पन्न गरी हाल फार्मेसी सुपरभाइजर नितेश कुमार शाहसहित ७ जना फार्मेसी सहायकहरु मार्फत फार्मेसी सेवा संचालनमा रहेको छ । बिश्व स्वास्थ्य संगठनको मान्यता

अनुरुप बिरामीहरुका लागि जनसुरक्षित, असरयुक्त, गुणयुक्त, लागत-प्रभावी उत्तम रहेको औषधिको छनौट, औषधिका उपयोग सम्बन्धि नीति तथा अस्पताल फर्मुलरी र स्तरीय उपचार प्रोटोकोलको निर्माणका लागि यस संखुवासभा अस्पतालका मे.सु., चिकित्सकीय बिभाग, नर्सिंग, प्रशासन, आर्थिक र फार्मेसी बिभाग प्रमुखहरु रहने गरी ड्रग एण्ड थेराप्यूटिक कमिटि मार्फत औषधि सम्बन्धित कार्यहरु गर्दै आएको छ।

फार्मेसीबाट नेपाल सरकारले तोकेका निःशुल्क औषधिहरु, स्वास्थ्य बीमामा आवद्ध बिमित रोगीहरुका स्वास्थ्य उपचारका लागि चाहिने औषधि तथा औषधि जन्य सामग्रीहरु, आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम, निःशुल्क गर्भवती जाँच कार्यक्रम तर्फका निःशुल्क औषधिहरुको वितरण र सो बाहेकका अन्य औषधि ऐन २०३५ को दफा ८ (क) र औषधि दर्ता नियमावलीको नियम ४ (क, ख) बमोजिम नियमन निकायमा दर्ता भएका सःशुल्क औषधि तथा औषधि जन्य सामग्रीहरुको भण्डारण, बिक्रि-वितरण D Code Health नामक सफ्टवेयर माध्यमबाट व्यक्तिगत प्रिस्क्रिप्शन अर्डर प्रणाली र फ्लोर (वार्ड) स्टक (Individual prescription order system & Floor ward stock system) प्रणालीबाट हुँदै आएको छ |

**उपलब्धीः**

नेपाल सरकारले तोकेका निःशुल्क औषधिहरुको हकमा आ.व. २०७९/८० देखि हाल सम्म अस्पताल फार्मेसीबाट पूर्ण रुपमा निशुल्क वितरण हुदै आएको , बिमा कार्यक्रमलाई थप जोड दिदै राष्ट्रिय बिमा बोर्डबाट तोकिएका औषधिहरु यस अस्पतालको लागि पूर्ण रुपमा कार्यान्वयन गरिएको, गत वर्ष २०७९/८० देखि औषधि तथा औषधि जन्य सामग्रीहरुको खरिद बिधुत्तीय प्रणाली (E-bidding) मार्फत गरी अस्पताल फार्मेसी तथा अस्पताल व्यवस्थापन समिति राम्रो मुनाफामा रहेको देखिएको, आ.व. २०८१/८२ को लागि समेत औषधिको खरिद प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद (१३ औं संसोधन) नियमावली २०७९ बमोजिम E-bidding खरिद प्रक्रिया मार्फत अगाडी बढाइएको छ| म्याद सकिएका, प्रयोगमा ल्याउन नमिल्ने औषधि, रसायन र औषधिजन्य सामग्री *नष्ट* गर्ने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम यस अस्पतालमा रहेको म्याद गुज्रेका औषधिहरुको व्यवस्थापनको प्रक्रिया दोश्रो चरणमा प्रवेश गरेको छ | जिल्ला अस्पताल संखुवासभा फार्मेसी सेवाबाट गत आ.व. २०८२/२०८३ मा नगद तर्फ रु १,६१,४४,५११ र बीमा तर्फ रु १,८०,०८,७८४ आम्दानी भएको छ।

# २.१२ मातृ तथा नवशिशु सेवा

## २.१२.१ मातृ शिशु स्वास्थ्य क्लिनिक (MCH Clinic)



MCH Clinic ले प्रत्यक्ष रुपमा आमा र शिशुको स्वास्थ्य प्रवर्धन र बचाउको कार्य गर्दै पारिवारिक बनोट निर्धारण गर्ने कार्यमा दम्पत्तीहरुलाई सही परामर्श तथा सेवा प्रदान गर्दछ । अझ भन्ने हो भने आमा र बच्चाको स्वास्थ्य प्रवर्धन गर्ने, रोग प्रतिरोधात्मक, उपचारात्मक सेवा दिने र आवश्यकता अनुसार पुनर्स्थापनात्मक सेवाहरु दिने कार्य गरिरहेको छ ।

जिल्ला अस्पताल संखुवासभाले आफ्नो स्थापना देखि नै निरन्तर रुपमा मातृशिशु स्वास्थ्य (MCH) सेवा दिदै आईरहेको छ। नेपाल सरकारको नियम परिधिभित्र बसेर निःशुल्क रुपमा सम्पूर्ण सेवाहरु तालिम प्राप्त स्वास्थ्य कर्मीहरुबाट मातृशिशु स्वास्थ्य सेवा प्रदान भईरहेको छ ।

**उदेश्यहरुः**

- दम्पत्तीहरुलाई गर्भ योजना बनाउन परामर्श, जाँच तथा सेवा दिने, गर्भवती महिलाको समग्र शारीरिक, मानसिक स्वास्थ्यको प्रवर्धन गरी स्वस्थ्य आमा र बच्चाको सुनिश्चतता गर्ने ।
- बालबालिकाको वृद्धि अनुगमन, खोप सेवा तथा पोषण सेवा मार्फत सही वृद्धि विकास, कुपोषण रोकथाम तथा रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्ने।
- उचित जन्मान्तर, गर्भान्तर तथा परिवारको संख्याको लागि आवश्यकता अनुसार परामर्श तथा परिवार नियोजनका साधन सम्बन्धी सेवा दिने।
- विभिन्न रोगहरु स्तन तथा पाठेघरको क्यान्सर, आङ खस्ने तथा पिसाव चुहिने जस्ता प्रजनन रुग्णताको जाँच ।
- सुरक्षित गर्भपतन सेवा दिने तथा महिलाको प्रजनन अधिकार सम्बन्धी हक सुरक्षित गर्ने
- विभिन्न जाति, धर्म र पहुँचको आधारमा भेदभाव नगरी उनीहरुको धार्मिक तथा सामाजिक मूल्य मान्यतालाई समेट्दै प्रत्येक सेवाग्राहीलाई सम्मानजनक सेवा प्रदान गर्ने।

- स्वस्थ्य आमा र बच्चा मार्फत समग्र परिवार, समुदाय र देशको स्वास्थ्य स्थितिमा सुधार गरी स्वस्थ र समृद्ध राष्ट्रको निर्माणमा योगदान पुर्याउने ।

**MCH Clinic ले दिने सेवाहरुः**

- गर्भवती जाँच सेवा ।

जिल्लाभित्र वा बाहिरका तथा प्रेषण भएर आएका गर्भवती महिलाहरुलाई विभिन्न शाखा तथा स्वास्थ्य कर्मीसँग समन्वय गरेर जाँच परामर्शको तथा उपचारात्मक सेवा प्रदान भईरहेको छ ।

- परिवार नियोजन सेवा ।
- विभिन्न अस्थायी परिवार नियोजन तथा स्थायी बन्ध्याकरणको सेवा प्रदान भईरहेको छ ।
- राष्ट्रिय खोप तालिका अनुसार खोप सेवा प्रदान भईरहेको छ ।
- बालबालिकाको वृद्धि अनुगमन गर्ने र पोषण सेवा अन्तर्गत बालभिटा दिने कार्य भईरहेको छ ।
- सुरक्षित गर्भपतन सेवा अन्तर्गत १२ हप्तासम्को गर्भपतन सूचिकृत स्वास्थ्यकर्मीबाट प्रदान भईरहेको छ ।
- आङ खस्ने समस्या पहिचान, रोकथाम अन्तर्गत Kegel's exercise, रिङ पेसरी लगाउने, प्रेषण गर्ने सेवा दिईरहेको छ ।
- पिसाब चुहिने समस्याको पहिचान, रोकथाम तथा उपर्युक्त संस्थामा प्रेषण गर्ने कार्य भईरहेको छ ।
- पाठेघर मुखको क्यान्सर स्क्रिनिङ्ग (VIA, LBC) Thermocoagulation सेवा तथा प्रेषण सेवा दिईन्छ ।
- स्तन क्यान्सर स्क्रिनिङ्ग सेवा दिईन्छ ।

**उपलब्धी:**

- निशुल्क गर्भवती, परिवार नियोजन, खोप तथा वृद्धि अनुगमन प्रजनन रुग्णता स्क्रिनिङ्ग सेवा निरन्तर गरिएको ।
- प्रजनन रुग्णता सम्बन्धी तालिमको लागि Clinical Site को रुपमा विकास गरिएको ।
- गर्भवती महिलाहरुलाई विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकारको नियमानुसार आठ पटक गर्भ जाँच शुरु गरिएको ।
- Short acting reversible contraceptive (Depo–Provera, Pills) को तुलनामा Long–acting reversible contraceptive (IUCD Implant) को प्रयोगकर्ता बढी भएको ।
- गर्भवती आमाहरुको Data Online रेकर्डिङ शुरु गरिएको ।






CHART NO. 19: Different Family Planning Methods Used by Current Users in last 3 FY




CHART NO. 20: TYPES OF DELIVEIES IN LAST 3 FY




CHART NO. 21: MATERNAL DEATH OF LAST 3 FY




Chart No; 22 Neonatal Death in Last 3 FY




CHART NO. 23: Still Birth in Last 3 FY




CHART NO: 24 Pattern of ANC Visit in Last 3 FY




CHART NO:25 Number of women receiving Incentive in last 3 FY




CHART NO: 26 CAC & PAC SERVICE OF LAST 3 FY

TABLE NO.:5 OBSTETRIC COMPLICATIONS

| Obstetric Complications | ICD 11 | Cases |
|---|---|---|
| 1 | 2 | 3 |
| Ectopic pregnancy | JA01 | 2 |
| Abortion complication | JA05 | 18 |
| Pre-eclampsia | JA24 | 5 |
| Eclampsia | JA25 | |
| Hyperemesis grivadarum | JA60.0 | 4 |
| Antepartum haemorrhage | JA41 | 1 |
| Prolonged labour | JB03 | 87 |
| Obstructed Labor | JB06 | 68 |
| Gestational Hypertension | JA23 | 13 |
| Ruptured uterus | JB0A.1 | |
| Postpartum haemorrhage | JA43 | 18 |
| Retained placenta | JA43.0 | 6 |
| Pueperal sepsis | JB40.0 | 3 |
| C-Section Wound Infection | JB40.1 | 25 |
| Other complications | JB0Y | 1 |

## २.१३ एकद्वार संकट व्यवस्थापन केन्द्र

**एकद्वार संकट व्यवस्थापन केन्द्र भनेको के हो ?**

महिला तथा बालबालिकाहरु विभिन्न प्रकारका लैंगिंक हिंसाबाट प्रभावित हुने गरेका र यसबाट उनीहरुमा शारीरिक, यौनजन्य तथा मनोवैज्ञानिक असर पर्ने गरेको छ । यस्ता समस्याहरुको प्रभावकारी सम्बोधनका लागि नेपाल सरकारले स्वास्थ्य मन्त्रालय अन्तर्गत जिल्लास्थित अस्पतालहरुमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) स्थापना गरी हिंसा प्रभावित बालिका किशोरी तथा महिलाहरुका लागि विभिन्न सेवाहरु प्रदान गर्दै आएको छ। हिंसामा परेका व्यक्तिहरुलाई एकद्वार प्रणालीबाट न्याय प्रदान गर्ने उदेश्यले एकद्वार संकट व्यवस्थापन केन्द्रको स्थापना गरिएको हो ।

**एकद्वार संकट व्यवस्थापन केन्द्रद्वारा प्रदान गरिने सेवाहरूको विवरण**

**स्वास्थ्यसम्बन्धी सेवाहरु:**

- हिंसा पीडित वा प्रभावितको स्वास्थ्यसम्बन्धी विवरण, संकलन, परीक्षण, उपचार अभिलेखिकरण गर्ने ।
- शारीरिक चोट पटकको उपचार तथा चिकित्साजन्य जाँच गर्ने, कानुनी प्रमाणका लागि विधि विज्ञान (Forensic Examination) तथा चिकित्सासम्बन्धी कानूनी (Medico Legal) परीक्षण गर्ने/गराउने ।
- कानुनी परीक्षण तथा आकस्मिक गर्भ निरोधक सेवा उपलब्ध गराउने
- यौनजन्य संक्रमणको उपचार गर्ने ।
  - एच.आई.भि जाँच तथा परामर्श सेवा उपलब्ध गराउने, मानसिक स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।
  - हेपाटाइटिस बि बाट बचावट गर्ने ।
  - सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने ।
  - लैगिंक हिंसा पीडित वा प्रभावितहरुको पहिचान तथा उपचारका लागि तयार गरिएको क्लिनिकल प्रोटोकल अनुसार सेवा उपलब्ध गराउने ।
  - आवश्यकता अनुसारको प्रेषण तथा अन्य सेवा उपलब्ध गराउने ।

**मनोसामाजिक परामर्श सेवा**

लैंगिक हिंसा पीडित वा प्रभावितलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, आवश्यकताका आधारमा पीडकलाई समेत मनोसामाजिक विमर्श/परामर्श सेवा उपलब्ध गराउने ।

**सुरक्षा**

लैगिंक हिंसाबाट पीडित वा प्रभावित महिला तथा बालबालिकाहरुका लागि पूर्ण सुरक्षाको प्रत्याभूति दिनका लागि जिल्ला प्रहरी कार्यालयले आवश्यक सुरक्षाको व्यवस्था मिलाउने। एकद्वार संकट व्यवस्थापन केन्द्र, सेवा केन्द्र, पुनर्स्थापना केन्द्र र समुदायमा समेत लैङ्गिक हिंसाबाट

प्रभावितहरुको सुरक्षा प्रदान गर्ने एवम् उनीहरुसँग सम्बन्धित सूचनाहरुको गोपनियता कायम गर्नुपर्नेछ।

**सेवा केन्द्र (सुरक्षित आवास )**

हिंसा पीडित वा प्रभावित महिला तथा बालबालिकाहरुका लागि सामुदायिक सेवा केन्द्र तथा सुरक्षित आवासमा बस्ने सेवाका लागि सम्प्रेषण गर्ने प्रभावितले आवश्यकता अनुसारको सेवा उक्त सामुदायिक सेवा केन्द्र तथा सुरक्षित आवासबाट प्राप्त गर्न सक्दछन्।

**कानुनी परामर्श र उपचार**

आवश्यकता अनुसार जिल्ला न्यायधिवक्ता तथा कानूनी सहायता केन्द्र कानुनी परामर्शदाताको सहयोगबाट लैंगिक हिंसा पीडित वा प्रभावितका लागि कानुनी उपचारका लागि आवश्यक सेवा प्रदान गर्ने।

## जिल्ला अस्पताल, संखुवासभा
## एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC एक परिचय

- हिंसा पीडित तथा प्रभावित व्यक्तिहरूलाई स्वास्थ्य उपचार लगायत अन्य आवश्यक सेवाहरु एकद्वार प्रणालीबाट (एकै स्थानबाट) पूर्ण रुपमा निःशुल्क, सहज र सरल तरीकाले २४ सै घंटा उपलब्ध गराउने व्यवस्था मिलाई लैंगिक हिंसा नियंत्रणमा योगदान पुर्याउने उद्देश्यले आ. व २०७६/२०७७ गते देखि जिल्ला अस्पताल,संखुवासभामा पनि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) स्थापना भई लैङ्गिक हिंसा प्रभावित र पिडकलाई समेत स्वास्थ्य तथा सूचिकृत अन्य सेवाहरु उपलब्ध गराउदै आएको छ।
- एकद्वार संकट व्यवस्थापन केंद्र प्रमुख — डा. श्रेया सुबेदी
- एकद्वार संकट व्यवस्थापन संपर्क व्यक्ति — ब.अ.न.नि सुधा घिमिरे
- एकद्वार संकट व्यवस्थापन केंद्र नंबर- ९८५२०६११८८

**जिल्ला अस्पताल, संखुवासभा एकद्वार संकट व्यवस्थापन केंद्र को प्रयासहरू**

- अस्पतालमा सबैले देख्नेगरि ओ.सि.एम.सी संपर्क नंबर सहितकोको व्यानर राखिएको
- ओ.सि.एम.सी को संचारलाई सहज र सरल बनाउन छुट्टै मोबाइल को व्यवस्था
- OCMC को सेवा प्रबाह र प्रबन्धनात्मक कार्यक्रमको लागि सचेतनामूलक अडियो / भिडिओ निर्माण गरी एफ एम को माध्यम बाट प्रचार प्रसार

- अस्पतालका सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई ओ.सि.एम.सी अभिमुखिकरण सम्पन्न
- १६ दिने लैंगिक हिंसा न्यूनीकरण कार्यक्रम पालिका संग समन्वय गरी संचालन
- मामिला व्यवस्थापन समिती गठन  र नियमित बैठक तथा समीक्षा सम्पन्न
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रलाई मार्ग निर्देशन, समन्वय र संरक्षण गर्न एक लैङ्गिक हिंसा व्यवस्थापन समन्वय समिति संग नियमित बैठक तथा समीक्षा सम्पन्न
- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको नियमित सञ्चालनका लागि कार्यरत चिकित्सक/मेडिकल अधिकृतहरु मध्येबाट तालिम प्राप्त चिकित्सक केन्द्र प्रमुख तोकिएको ।
- त्यसैगरी अस्पतालमा कार्यरत नेपाल सरकारका स्थायी स्टाफ नर्सहरुमध्येबाट तालिम प्राप्त एकजनालाई सम्पर्क व्यक्ति तोक्नुपर्ने व्यवस्था अनुसार तालिम प्राप्त एकद्वार संकट व्यवस्थापन सम्पर्क व्यक्ति तोकिएको ।
- OCMC केंद्र लाई नया भवनमा MSS मापदंड अनुसार भौतिक पूर्वाधार तथा अन्य व्यवस्थापन गरिएको

## सम्पर्क व्यक्तिले गरेका कामहरु

- एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा आउने हिंसा पीडित वा प्रभावित व्यक्तिको उपचार एवम् व्यवस्थापनमा सहजीकरण
- तोकिएका सेवाहरू पीडितलाई उपलब्ध गराउने र सेवा सुनिश्चितताका लागि साझेदार संस्थाबीच समन्वय,
- अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श, मेडिको लिगल सेवा समयमा उपलब्ध गराउन सहजीकरण,
- पीडित तथा प्रभावितको सुरक्षा एवम् गोपनीयता कायम
- पीडित यस केन्द्रमा आए पश्चात आवश्यक औषधी उपचार गरि घटना उजुरीको लागि प्रहरीसँग आवश्यक समन्वय सहजीकरण को व्यवस्था
- विभिन्न स्वास्थ्य संस्थाबाट प्रेषण भई आएका लैंगीक हिंसा पिडितलाई आवश्यक स्वास्थ्य सेवा प्रदान गरिएको
- यस केन्द्र बाट प्रेषण भई गएका लैंगीक हिंसा पिडितलाई आवश्यक समन्वय सेवा प्रदान गरिएको
- समयमा प्रतिवेदन तयार गर्ने

## चुनौतीहरु

- मनोसामाजिक परामर्शदाताको अपर्याप्ता
- तालीमप्राप्त जनशक्तिको अपर्याप्ता
- जनचेतना पुर्याउन नसकिएको अवस्था
- स्थानीय पालिकाहरु तथा अन्य सरोकारवालाको चासो,जागरूकता र सहयोगको कमजोर अवस्था

## आगामी कार्य योजना

- मनोसामाजिक परामर्शदाताको तालिमको लागि संघ तथा प्रदेश संग आवस्यक पहल गर्ने
- मनोसामाजिक परामर्शदाता नियुक्तिको लागि प्रदेश/स्थानीय पालिका तथा अन्य सरोकार वाला निकाय संग आवस्यक समन्वय र सहयोग को लागि पहल गर्ने
- सेवा प्रवाह लाई थप प्रभावकारी बनाउन थप प्रचार प्रसार गर्ने
- किशोर किशोरीलाई लक्षित गरी बिधालयमा लैंगिक व्यवस्थापन तथा यौनजन्य शिक्षा सम्बन्धमा बिधालयमा स्वास्थ्य कार्यक्रम संचालन गर्ने
- सबै सरोकारवाला निकाय संग आवस्यक समन्वय गरी OCMC सेवाको प्रभावकारी व्यवस्थापन गर्ने
- अन्य जिल्लाका नमूना OCMC केंद्रको अनुसरण गरी केंद्र लाई थप सुदृढीकरण गर्ने




CHART NO. 27: NEW OCMC CASES REGISTERED IN LAST 3 FY

# २.१४ शल्यक्रिया सेवा (Operation Services)

Operation Services includes:

1. Caesarean Section
2. Orthopedic Operations
3. General Surgeries
4. Hysterectomy

Table No.:6 General Surgery Done in Last Fiscal Year 2082/83

| SNo | Surgery Type | Female | Male |
|---|---|---|---|
| 1 | Major:Emergency | 14 | 25 |
| 2 | Major:Inpatients | 111 | 207 |
| 3 | Intermediate:Emergency | 14 | 30 |
| 4 | Intermediate:Inpatients | 39 | 105 |
| 5 | Minor:Outpatients | 947 | 1030 |
| 6 | Minor:Inpatients | 77 | 94 |
| 7 | Minor:Emergency | 118 | 210 |
| 8 | Plaster | 158 | 234 |




CHART NO:28  Number OF SURGERIES  IN LAST FY

# २.१५ फिजियोथेरापी सेवा

"Transformative Physiotherapy Services: A Beacon of Health in Sankhuwasabha District Hospital"

**INPATIENT AND OUTPATIENT SERVICES:**

